# नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी) को प्रथम राष्ट्रिय सम्मेलनका दस्तावेजहरु

विषय-सूची


१. शहीदहरुप्रति श्रद्धाञ्जलि

२. नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी)

३. नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी) को राजनीतिक प्रस्ताव


## शहीदहरुप्रति श्रद्धाञ्जलि

आज दिसम्बर १९७८, हाम्रो पार्टी, नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी) स्थापनाको महान् दिन हो । यस महान् अवसरमा हामी हाम्रा अग्रणी ती राष्ट्रिय र वर्गीय वीरहरुलाई सम्झना गरिरहेका छौं, जसले हाम्रो राष्ट्रको निम्ति र जनताको राष्ट्रिय र सामाजिक मुक्तिको निम्ति आफ्नो अमूल्य जीवन अर्पण गर्नुभएको छ ।

अङ्ग्रेजउपनिवेशवादीहरुको विरुद्ध देशभक्तिको महान् भावनाबाट प्रेरितभएर प्राण अर्पण गर्नेहरु, हाम्रा देशभक्त वीरहरु हुनुहुन्छ। वहाहरुले त्यस सङ्घर्षमा सौर्य र बुद्धिमत्ताको उल्लेखनीय उदाहरण प्रस्तुत गर्नुभएको छ । यस महान् परम्पराले अझै हामीलाई विदेशी आक्रमणकारीहरुका विरुद्ध जुध्ने प्रेरणार साहस प्रदान गरिरहने छ ।

जहानिया राणाशाहीको अन्धकारपूर्ण मध्ययुगीन निरङ्कुश शासन र पछिका प्रतिक्रियावादी शासनहरुका विरुद्ध आफ्नो जीवन बलिदान गर्ने कम्युनिस्ट आन्दोलन बाहिरका व्यक्तिहरु जनवादी वीर शहीद हुनुहुन्छ। हजारौं-लाखौं जनताले अन्धकारपूर्ण शासनबाट मुक्त गर्ने वहाहरुको महान् भावनाले हामीलाई न्याय र मुक्तिका लागि जुधिरहन उत्प्रेरितगरिरहनेछ ।

संशोधनवादी पार्टीभित्र रहे तापनि सामन्तवाद तथा साम्राज्यवादविरोधी सङ्घर्षमा जीवनअर्पण गर्ने सङ्घर्षशील कम्युनिस्टहरु हाम्रा आदरणीय शहीदहरु हुनुहुन्छ। हरेक शोषण तथा उत्पीडनका विरुद्ध निरन्तर सङ्घर्ष गर्ने वहाहरुको जुझारु भावनाले हामीलाई सधैं वर्गशत्रुहरुका विरुद्ध लड्न आट र हिम्मत प्रदान गरिरहनेछ ।

सामन्तवाद, साम्राज्यवाद र संशोधनवादविरोधी सङ्घर्षलाई अघि लादै जनताको क्रान्तिकारी सङ्घर्षमा आफ्नो प्राण अर्पण गर्ने कमरेडहरु- अमर पौडेल, सिंधेश्वर पासवान, नेत्र घिमिरे, कृष्ण कुईकेल, रामनाथ दाहाल, नारायण श्रेष्ठ, वीरेन राजवंशी, चन्द्र डागी, सलीम, रामप्रसाद प्रधान, खगेन्द्र राई, रामप्रित यादव, बालेश्वर राय, मञ्जुल अहमद तथा छेदी शाह हाम्रा आदरणीय अमर शहीद हुनुहुन्छ। पार्टीको क्रान्तिकारी राजनीतिक लाइनलाई दृढतापूर्वक व्यवहारमा उतार्दै घरेलु तथा विदेशी शत्रुहरुलाई पराजित गर्न र सुखी, समृद्धशाली र सुन्दर नौलो जनवादी नेपालको निर्माण गर्नमा वहाहरुका वीरतापूर्ण सङ्घर्ष र गौरवपूर्ण बलिदानहरुले हामीलाई सदा उत्पे्ररितगरिरहनेछन् ।

प्रतिक्रियावादीहरु हत्यारा क्रान्तिलाई रोक्न चाहन्छन्, तर तिनीहरुद्वारा रचिएका हत्याकाण्डहरुले क्रान्तिलाई न त नष्ट गर्न नै सक्छन् न रोक्न नै । शहीदहरुका प्रत्येक थापा रगतले हजारौं मृत्युञ्जयी सन्तानलाई जन्माउछ, जो आत्म बलिदानदेखि कत्ति नडराई अजेय भावना लिएर क्रान्तिको बाटोमा दृढताका साथ अगाडि बढ्छन्, उनीहरुले नै प्रतिक्रियावादीहरुका अपराधी शासनलाई सदाका लागि ध्वंश पार्नेछन् ।

हाम्रा परमप्रिय कमरेडहरु शहीद हुने घटनाले हाम्रो हृदयलाई दुःखित पार्दछ । ती शहीद कमरेडहरुको सम्झना गर्नका लागि, उहाहरुप्रति श्रद्धाञ्जलि प्रकट गर्नका लागि, हामीले वहाहरुका रगतले सिंचेको बाटोमा आट, जागर, साहस र आत्मत्यागको भावनाका साथ अगाडि बढ्नुपर्छ । वहाहरुका महान् बलिदानहरुले हाम्रा आखाका आसुलाई क्रोधका ज्वालामा बदलिदिऊन्, शोकविह्वल हृदयलाई शत्रुप्रति बज्र-कठोर बनाइदिऊन् र हामीलाई रगत्को बदला रगतले लिन पे्ररितगरुन् ।

हामी जनताका लागि मृत्युवरण गर्ने देश-देशका शहीदहरु, हाम्रा सबै राष्ट्रिय तथा वर्गीय वीरहरु र हाम्रा प्रिय आदरणीय अमर शहीदहरुलाई सम्मानपूर्वक सम्झना गरौं र वहाहरुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरौं ।

२६ दिसम्बर १९७८

(११ पुस २०३५)

नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी)

को स्थापनाको घोषणापत्र

प्रतिनिधि कमरेडहरु

पचासी वर्षअघि आजकै दिन चीनको हु नान्न प्रान्तको शाओशान गाउमा महान् माक्र्सवादी-लेनिनवादी नेता अध्यक्ष माओ त्सेतुङको जन्म भएको थियो । त्यहादेखि यता पचासी हिउदहरु बितिसकेका छन् र तिनीहरुले विश्वमा ठूलठूला यु गान्तकारी परिवर्तनहरु ल्याइदिएका छन् । को भन्न सक्छ माओ त्सेतुङ बिनै हामी यहा आइपुग्ने थियौं ?

अध्यक्ष माओका महान् सैद्धान्तिक तथा व्यावहारिक सङ्घर्षहरुले विश्वलाई महान् समाजवादी जन गणतन्त्र चीन प्रदान गरे । त्यही चीन आज विश्व जनताको आशा-भरोसाको केन्द्र र विश्व क्रान्तिको अजेय किल्ला बनेको छ । वहाको तिनै सङ्घर्षहरुले विश्वलाई अजेय माओ त्सेतुङ विचारधारा प्रदान गरे । माक्र्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारा प्रदान गरे । माक्र्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधाराको एकीकृत विचार प्रणाली आज आधुनिक संशोधनवाद, साम्राज्यवाद, पुजीवाद र सबी प्रकारका प्रतिक्रियावादका विरुद्ध धारिलो विचारधारात्मक हतियार बनेको छ ।

यिनै दुई वस्तुको उपस्थितिले गर्दा विश्वले आज यस्तो रुप लिनसकेको छ र हामीले यति प्रगति गर्न सकेका छौं । समसामयिक युगमा इतिहास निर्माण गर्ने विश्व-जनताको महान् कार्यमा अध्यक्ष माओ त्सेतुङ सदा अघिल्लो पंक्तिमा रहनुभएको छ । हामी वहाबाट सिकिरहेछौं र निरन्तर सिकिरहने प्रण गर्छौं । हामी वहालाई सम्मानपूर्वक सम्झना गर्छौं र वहाकै बाटोमा सदा अघि बढिरहने प्रण गर्छौं । त्यसैकारण हाम्रो निम्ति २६ दिसम्बर ठूलो महत्वको पे्ररणादायीदिन हो ।

अखिल नेपाल कम्यु निस्ट क्रान्तिकारी को-अर्डि नेशन कमिटी (माक्र्सवादी-लेनिनवादी) ले यस राष्ट्रिय सम्मेलनको आयोजना गरिरहेको छ । यो सम्मेलन एउटा अत्यन्त महत्वपूर्ण कामको निम्ति आयोजित भएको छ । त्यो होः नेपाली क्रान्तिकारी कम्यु निस्टहरुको लामो समयदेखिको प्रिय आकांक्षा, ऐतिहासिक झापा विद्रोहको उद्देश्य र को-अर्डि नेशन केन्द्रको केन्द्रीय कामलाई पूरा गर्नु एउटा माक्र्सवादी-लेनिनवादी क्रान्तिकारी पार्टीको स्थापना गर्नु । यो राष्ट्रिय सम्मेलन गम्भीरता र दृढतापूर्वक घोषणा गर्दछः आज २६ दिसम्बर १९७८ को यस महान् दिनमा गर्बको साथ नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी)को स्थापना गरिन्छ । अब देशभरिका सबै को-अर्डि नेशन सङ्गठनहरु पार्टी सङ्गठनमा बदलिनेछन् । को-अर्डि नेशन सङ्गठनहरु पार्टी सङ्गठनमा बदलिनेछन् । को-अर्डि नेशन केन्द्रले छलफलको लागि नेपाल कम्यु निस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी) को अन्तरिम विधान प्रस्तुत गरेको छ । सबै प्रतिनिधि कमरेडहरुले गम्भीर छलफल गर्दै तिनीहरुलाई पारित गर्नुहु नेछ। तिनीहरुमा ऐतिहासिक झापा विद्रोहद्वारा जन्मेर विकसित भएका यस पार्टीका सिद्धान्त, लाइन र नीतिहरु उल्लेख गरिएका छन् ःआधु निक नेपालसम्बन्धी यस पार्टीका धारणाहरु यस पार्टीका उद्देश्य र सङ्गठनात्मक नियमहरु उल्लेख गरिएका छन् । हामीइ तिनीहरुमाथि नै आधारित भएर अघि बढिरहेका छौं ।

कमरेडहरु,

ऐतिहासिक झापा–विद्रोहद्वारा जन्मिएको क्रान्तिकारी लाइनमा गठित कोकेको नेतृत्वमा हामीले संशोधनवादको विरुद्ध सङ्घर्ष गरेका छौं । खासगरी मोहनविक्रम गद्दार गुटको संशोधनवादको विरुद्ध तीखो सङ्घर्ष गर्दै उल्लेखनीय उपलब्धि हासिल गरेका छौं । को–अर्डिनेशन सङ्गठन भित्रबाटै आएका दक्षिणपन्थी तथा वामपन्थी ’ भड्काउ वा लाइनहरु र विदेशी चारकीवादका विरुद्ध सङ्घर्ष गर्दै उल्लेखनीय सफलता पाएका छौं र क्रान्तिकारी माक्र्सवादी लेनिनवादी लाइनलाई समृद्ध पारेका छौं । को.के. को नेतृत्वमा हामीले नया कार्यशैली र पद्धतिलाई अपनाएका छौं, आधारभूत वर्गको बीचमा राजनीति लाद्यै देशका विभिन्न ठाउमा कम्युनिस्ट सङ्गठनहरु बनाएका छौं र वर्गसङ्घर्ष र सशस्त्र किसान सङ्घर्षको विकास गरेका छौं । हालसालमा देशका विभिन्न भागमा लडाकू किसान सङ्घर्षहरुको विकास भइरहेको छ । हामी सचेतनापूर्वक तिनीहरुलाई सशस्त्र गेरिल्ला सङ्घर्षसग जोड्ने छौं र अन्य किसिमका क्रान्तिकारी सङ्घर्षहरुलाई उठाउने बलिदानपूर्ण जोडदार प्रयत्नहरु गर्नेछौं । हामीले देशका विभिन्न क्रान्तिकारी गु्रपका कमरेडहरुको बीचमा एकता स्थापित गर्ने प्रक्रियालाई तेज गरेका छौं । न्यूनतम शर्तहरुलाई पूरा गर्दै स्थापित नेकपा (माले) को नेतृत्वमा अब हामीहरु यी सब कामलाई झन् शक्ति र गतिका साथ अघि लगिरहनेछौं ।

कमरेडहरु,

यस गौरवपूर्ण अवसरमा हामी हाम्रा प्रिय अमर शहीदहरुलाई सम्मानपूर्वक सम्झना गर्छौं र समृद्धिशाली, क्रान्तिकारी र सुन्दर देश निर्माण गर्ने वहाहरुको सपनालाई साकार पार्ने आफ्नो प्रणलाई यहा दोहो¥याउछौं । यस गौरवपूर्ण औसरमा हामी संशोधनवादविरोधी सङ्घर्षमा अग्रणी भूमिका खेल्ने तमाम क्रान्तिकारी कमरेडहरुप्रति हार्दिक आभार प्रकट गर्दै वहाहरुको सङ्घर्षशील परम्परालाई निरन्तर अघि बढाउने प्रणलाई दोहो¥याउछौं । ऐतिहासिक झापा विद्रोह, भूपू ‘मुक्तिमोर्चा गु्रप’ , भूपू ‘रातो झण्डा गु्रप’ तथा यही मंसिर २७ गतेको सङ्गठनमा सामेल हुने दाङका क्रान्तिकारी कम्युनिस्टहरु र क्रान्तिकारी जनसमुदायको सम्मिलित प्रयत्न र सहयोग तथा समर्थनले मात्र आज यो पार्टी स्थापना सम्भव भएको हो । नेपाली क्रान्तिको इतिहासमा वहाहरु सबैका योगदानहरु सुनौलो अक्षरमा अंकित रहनेछन् ।

को–अर्डिनेशन सङ्गठनहरुलाई हरेक हिसाबले पार्टी सङ्गठनमा बदल्नको निम्ति, क्रान्ति र पार्टीप्रति कम्युनिस्ट क्रान्तिकारीहरु तथा जनताका आशा, विश्वास भरोसालाई दृढ बनाउनको निम्ति र क्रान्तिकारी कम्युनिस्टहरुको पंक्तिमा लौह दृढ अनुशासनलाई जन्माउनको निम्ति नै आज नेकपा (माले) को स्थापना गरिएको हो । हामी पार्टी स्थापनाको यी उद्देश्यहरुलाई साकार पारिछाड्ने छौं ।

यो पार्टी स्थापना नेपाली क्रान्तिको निम्ति अतिशय र महत्वपूर्ण ऐतिहासिक घटना हो । यसद्वारा हामीले नेपाली कम्युनिस्ट आन्दोलनको पहिलो ठूलो दुई लाइनको सङ्घर्षमा निर्णायक विजय प्राप्त गरेका छौं र त्यस सङ्घर्षलाई अझै अघि लगिरहने छौं ।

आज हामी यस राष्ट्रिय सम्मेलनद्वारा पार्टीको स्थापना गरिरहेका छौं, तर पार्टीलाई माक्र्सवादी-लेनिनवादीकरण गर्नको निम्ति, अझै धैरै कामहरु गर्न बाकी छ । योजनाबद्ध ढङ्गले काम गर्दै सिद्धान्त, सङ्गठन र वर्ग-सङ्घर्षका क्षेत्रमा निर्धारित लक्ष्यहरु प्राप्त गर्दै हामीले यथाशक्य चाडै पार्टीको प्रथम महाधिवेशनको आयोजना गर्नुपर्छ । त्यसैकारण हामी यस पार्टी बाहिर रहेका नेपालका अरु क्रान्तिकारीहरुलाई सक्रियतापूर्वक दुई लाइनको सङ्घर्षमा उत्रन, सबै खाले संशोधनवादी लाइनहरु खासगरी मोहनविक्रम गद्दार गुटको संशोधनवादी लाइनलाई विरोध गर्दै यस पार्टीमा सामेल हुनर पार्टीको प्रथम महाधिवेशनलाई नेपाली क्रान्तिकारी कम्युनिस्टहरुको सिद्धान्तनिष्ठ, व्यापक र सुदृढ एकताको नमूना बनाउनको निम्ति हार्दिक आह्वान गर्दछौं ।

कमरेडहरु,

प्रभुत्ववादीहरु, आधुनिक संशोधनवादीहरु, साम्राज्यवादीहरु, विस्तारवादीहरु तथा प्रतिक्रियावादीहरुले जनता तथा क्रान्तिको विरोधमा जतिसुकै बिघ्नबाधा खडा गरे तापनि, जतिसुकै षड्यन्त्र तथा हमला गरे तापनि देश र दुनियामा उत्तम क्रान्तिकारी परिस्थिति विद्यमान छ । घरेलु प्रतिक्रियावादीहरुका विरुद्ध सशस्त्र सङ्घर्ष गर्दै विस्तारवादीहरुका सशस्त्र हस्तक्षेप वा आक्रमण र विश्वयुद्धका विरुद्ध तयारी गर्ने पार्टीको क्रान्तिकारी राजनीतिक लाइनलाई लागू गर्दै हामीहरु सुदृढ पार्टी, जनसेना तथा आधार इलाका निर्माण गर्ने महान् क्रान्तिकारी सङ्घर्षमा दृढता, आत्मत्याग तथा साहसका साथ लागिरहयौं । नवगठित पार्टीको सही नेतृत्वमा यी लक्षहरुलाई प्राप्त गर्दै हामी नेपाली नौलो जनवादी क्रान्तिको पूर्ण विजयलाई निश्चय नै साकार पारिछाड्ने छौं ।

नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी) जिन्दावाद †

माक्र्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारा- जिन्दावाद ††

नेपाली नौलो जनवादी क्रान्ति- जिन्दावाद † जिन्दावाद ††

२६ दिसम्बर १९७८

(११ पौष २०३५)

नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी) को

राजनीतिक प्रस्ताव

(पार्टीको प्रथम राष्ट्रिय सम्मेलन २६ दिसम्बर १९७८-१ जनवरी १९७९ द्वारा पारित)

१. नेपाल र नेपाली जनता

हाम्रो देश नेपाल र वर्तमान समयमा लगभग ५६ हजार वर्ग मील क्षेत्रफल भएको, सवा करोड जनताको, सानो र भूपरिवेष्ठित देश हो । लगभग ६० हजारभन्दा बढी अरु नेपालीहरु विदेशमा बस्छन् । यसको पूर्वी सीमानाामा सिक्किम (सन् १९७५ देखि भारतले यसलाई आफूमा गाभेको छ) र भारतको पश्चिम बङ्गाल प्रान्त छन्, दक्षिण तथा पश्चिममा भारतकै विहार र उत्तर प्रदेश प्रान्तहरु छन् र उत्तरमा जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्र पर्दछ । विश्वप्रसिद्ध हिमालय पर्वत-श्रृंखला र विश्वको सर्वोच्च चुचुरो सगरमाथा यसै देशको उत्तरी भागमा रहेका छन् । देशको भूभागको १५ प्रतिशत जति हिमाली क्षेत्रमा, ६८ प्रतिशत जति पहाडी क्षेत्रमा र १७ प्रतिशत जति मात्र तराई क्षेत्रमा पर्छ । जनसंख्याको लगभग २ ÷ ३ भाग पहाडी क्षेत्रमै बसोबास गर्छ । यिनै कारणले हाम्रो यस देशलाई पहाडी देश भनिएको हो ।

हाम्रो देश सानो, भूपरिवेष्ठित, पहाडी र तीनतिरबाट विस्तारवादी भारतले घेरिएको मुलुक हुनु, यसको उत्तरमा विकट हिमालय-श्रृंखलालाई ५०० माइल लामो सीमाना बनाएर समाजवादी चीन रहनु, धेरै नेपालीहरु प्रवासी हुनु आदिले हाम्रो क्रान्तिको नीम्त खास प्रकारका अनुकूल तथा प्रतिकूल अवस्थाहरु सिर्जना गर्छन् । नेपाली क्रान्तिमा लाग्ने कसैले पनि यिनीहरुको गम्भीर विश्लेषणात्मक अध्ययन पक्षहरुलाई नाघ्दै अघि बढ्ने ठोस र व्यवहारिक नीतिहरु अपनाउनै पर्छ ।

हिमाञ्छदित पर्वत-शृङ्खला र हिमाली वेसीहरु, मध्य पहाड र पहाडी उपत्यकाहरु, चुरे र महाभारत पहाड माझका भित्री मधेस वा दूनहरु र मलिलो तराई भएको हाम्रो यो देश भौगोलिक विविधता र प्राकृतिक सम्पदाहरुले सम्पन्न छ । पूर्वी, मध्य र पश्चिमी क्षेत्रमा कोशी, गण्डकी र कर्णालीका तीन प्रमुख नदी-प्रणालीहरुले र अन्य कैयौं नदी-नाला र तालहरुले सिचिएको हाम्रो यस देशमा जलस्रोतको प्रचूरता छ । विदेशी उपनिवेशवादीहरुको शोषण उत्पीडन र घरेलु प्रतिक्रियावादीहरुको राष्ट्रिय स्वार्थघात, शोषण-नीति, कुबुद्धि, अयोग्यता, भ्रष्टाचार तथा शक्तिहीनताले गर्दा नै नेपाली जनताको हितमा यो प्रचुर प्राकृतिक सम्पदा र स्रोतहरुको उचित उपयोग हुनसकेको छैन । यिनीहरुको पूर्ण उपयोग त टाढाको कुरा बरु उल्टै तिनीहरुले यिनीहरुलाई आफ्नो निजी कामधेनु गाई बनाउदै आएका छन् ।

हाम्रो यो देश हजारौं वर्ष पुरानो इतिहास भएको, धेरै जाति, जातीय संंस्कृति तथा परम्परा र जातीय भाषा तथा बोलीहरुका फूलहरुले ढकमक्क ढाकिएको र हिमाल, बेसी, पहाड तथा तराईमा फैलिएको फूलबारी हो । यी विविधताले भरिपूर्ण भएर गर्विला नेपाल राष्ट्र बनेको छ । नेपाली जनता गौरवपूर्ण सङ्घर्षशील परम्परा भएका कठोर मिहिनेती, साहसी, वीर तथा सिर्जनात्मक प्रतिभाले सम्पन्न महान् जनता हुन् । मजदूर, किसान, शहरिया गरीब, निम्त पुजीपति वर्ग, मध्यम वा राष्ट्रिय पुजीपति वर्ग र जनवादी तथा देशभक्त व्यक्तिहरुलाई मिलाएर जनसंख्याको लगभग ९५ प्रतिशत भाग जनताको पंक्तिभित्र पर्दछ । ठूलो जमिन्दार वर्ग, नोकरशाही दलाल पुजीपति वर्ग र यिनीहरुका प्रतिनिधि तथा पुच्छरेहरु मिलाएर शासक र शोषकहरुको दल जनसंख्याको सयकडा ५ भाग जति मात्र छ । यिनीहरु विदेशी साम्राज्यवादी, सामाजिक साम्राज्यवादी र विस्तारवादीहरुसग मिली बहुसंख्यक जनतामाथि शोषण र उत्पीडनको राज्य चलाउछन् ।

मुट्ठिभरका देशी-विदेशीहरुको शोषणले गर्दा आज ६० प्रतिशत भन्दा बढ्ता नेपाली जनता निरपेक्ष गरिबीको रेखामुनि (१) जीवन बिताइरहेका छन् र बाकी बहुसंख्यकपनि खानपीन, लत्ताकपडा, घर-छहारी, औषधिमूलोजस्ता जीवन धान्न अत्यावश्यक पर्ने सामग्रीहरुको अभावमा कष्टपूर्ण जीवन बिताइरहेका छन् । यस्तो अवस्थामा बहुसंख्यक नेपाली जनतालाई राम्रो शिक्षा-दीक्षा, सञ्चार-यातायात र अधुनिक विज्ञान तथा प्रविधिका सुविधाहरु प्राप्त हुनुत झन् आकासको फल आखारी मर मात्र भएको छ । बहुसंख्यकजनतालाई गरिबी, बेरोजगारी, राजनीतिक दमन, आर्थिक शोषण, रोग, महङ्गी, निरक्षरता, वेदखली, बसाईसराई, प्राकृतिक प्रकोप आदिले ग्रस्त पारेको छ । समाजमा अन्याय, अत्याचार, भ्रष्टाचार, नैतिकताको ह्रास र विदेशी घुसपैठको अन्धकारपूर्ण रजगाईं चलेको छ । त्यतिमात्र होइन, उद्योग-धन्दा, खेतीपाती, व्यापार-बाणिज्य, राष्ट्रिय अर्थव्यवस्थाका अन्य क्षेत्रहरु र सामाजिक सेवाका सबै क्षेत्रहरु मुट्ठीभरिका स्वदेशी-विदेशी लुटेराहरुको नियन्त्रणमा छन् र तिनीहरुको विकास रोकिएको छ । देशको सार्वभौमिकता र राजनीतिक स्वतन्त्रता नाममात्रको छ र त्यो  दुई अतिमहाशक्तिहरु तथा भारतेली विस्तारवादको स्वार्थ र इसाराअनुरुप हिड्न बाध्य छ ।

यो अवस्था सप्रिरहेको त के स्थिर पनि छैन र झन्झन् बिग्रदै र गिर्दै गइरहेको छ । अर्कोपट्टि, बहुसंख्यक जनताको सिर्जनात्मकता र रगत-पसिनाको निर्मम शोषण गर्दै मुट्ठीभरिका देशी-विदेशीभरका चुसाहाहरुको सम्पत्तिको पहाड निरन्तर चुलिदैछ भने अर्कोपट्टि बहुसंख्यकजनताको निर्धनताको खाडलचाहि निरन्तर गहिरिदै छ ।

मिहिनेती नेपाली जनताले प्रकृति र वर्गीय तथा राष्ट्रिय शत्रुहरुका विरद्ध पुस्तौंदेखि निरन्तर दृढ सङ्घर्ष गर्दै समृद्ध नेपाली सभ्यता र नानाथरिका जातीय संस्कृतिका निर्माण गरेका छन् । कोशी, गण्डकी तथा कर्णाली प्रदेश र काठमाडौं उपत्यका, जनकपुर, कपिलवस्तु, लुम्बिनी आदि ठाउका प्राचीन सभ्यताहरु मानव जातिको विकासमा नेपाली जनताका गौरवपूर्ण देन हुन् । तिनीहरु नेपाली राष्ट्रिय संस्कृतिका मूल स्रोत हुन् । तर विदेशी उपनिवेशवादीहरुको भेदभाव तथा हस्तक्षेपले र घरेलु प्रतिक्रियावादीहरुको जनताप्रतिको विश्वासघातले गर्दा आजसम्म नेपाली जनताले अन्तर्राष्ट्रिय परिवारमा पूर्ण स्वतन्त्रता, समानता र सम्मानले भरिएको उचित स्थान पाउनसकेका छैनन् र नेपाली राष्ट्रिय कला, साहित्यतथा संस्कृति र शिक्षाको विकास रोकिएको छ ।

उपर्युक्तकारणहरुले गर्दा आज नेपाली जनतालाई क्रान्तिकारी आवश्यकता छ, मुट्ठिभरिका स्वदेशी-विदेशी शोषक र उत्पीडकहरुको क्रूर शोषण र उत्पीडनबाट मुक्ति दिलाउने र बहुसंख्याकोस्वार्थ तथा इच्छाअनुसार सञ्चद्धालन हुने स्वतन्त्र, मुक्त, समृद्धर क्रान्तिकारी जनवादी देशको निर्माण गर्ने क्रान्तिको आवश्यकता छ ।

## २. आधुनिक नेपाल राष्ट्र्य, राष्ट्रिय सङ्घर्ष र नेपाली राष्ट्रवाद

स्थानीय सामन्ती पृथकतावादी (२) र अङ्ग्रेजउपनिवेशवादीहरुका षड्यन्त्र र हस्तक्षेपका विरुद्ध जुध्दै (३) एकीकृत आधुनिक नेपाल राष्ट्रको जन्म भएको हो । लिच्छवी र मल्ल कालमा पनि नेपालीको एकीकरणका प्रयासहरु भएका थिए तर फेरि विभाजनले नै प्रश्रय पायो । वर्तमान नेपालको एकीकरण अभियानको सुरुआत चाहि सामन्ती राजा

पृथ्वीनारायण शाहबाट भएको र असमान सुगौली सन्धि (४) ले देशलाई आजको भौगोलिक सीमानामा खुम्च्याएर राखेको हो ।

सन् १७६९ देखि १८१४ सम्ममा ६० भन्दा धैरै ससाना सामन्ती रजौटाहरुलाई शस्त्र बलले एकजुट गरेर एकीकृत नेपाल राष्ट्रको निर्माण गर्न नेपाली राष्ट्रिय अस्तित्वको रषा र विकासको निम्ति एउटा ऐतिहासिक आवश्यकता थियो । एकीकरणको युद्धमा भएका बर्बरता र नोक्सानीहरुले यस कामको ऐतिहासिक महत्वलाई रत्तिभर घटाउदैनन् । यो काम कहिल्यै घाम नअस्ताउने साम्राज्य स्थापित गर्ने अङ्गे्रजउपनिवेशवादीहरुको दक्षिणबाट बढिरहेको विस्तारको विरुद्ध थियो । यहीक्रममा नै १८१४-१६ मा नेपालले अङ्गे्रजउपनिवेशवादीहरुको विरुद्ध देशभक्तिपूर्ण युद्ध लड्नुपरेको थियो । आज पनि दक्षिणबाट हुनेहस्तक्षेप, आक्रमण र विस्तारको खतरा रहेको मात्र होइन, झन् गम्भीर बनेको छ । नेपालको राष्ट्रिय स्वतन्त्रता र मुक्ति चाहने कसैले पनि यस तथ्यलाई अलिकति पनि बेवास्ता गर्नु आफ्नै खुट्टामा बन्चराले हान्नुसरह हुन्छ।

देशका बहुसंख्यकजनताको हित प्रतिनिधित्व गर्ने राष्ट्रवाद नै प्रगतिशील राष्ट्रवाद हो । यस्तो राष्ट्रवादलाई सर्वहारा वर्गले समर्थन गर्छ । सर्वहारा वर्गले संसारभरिका नारालाई देशभक्तिको जिउदो भावनासग मिलाएर र उपनिवेशवाद, साम्राज्यवाद, विस्तारवाद र तिनीहरुका स्थानीय दलालहरुविरोधी सशक्त क्रान्तिकारी विचार र ठूलो भौतिक शक्तिको निर्माण गर्छ । ऐतिहासिक भौतिकवादी दृष्टिकोणले हेर्दा नेपालको एकीकरण बहुसंख्यकनेपाली जनताको स्वार्थको अनुकूल थियो । किनकी यो सामन्ती पृथकतावादतथा अङ्गे्रजउपनिवेशवाद विरुद्धको सङ्घर्ष थियो । यो नै हाम्रो राष्ट्रिय सङ्घर्षको सुरुआत हो । अतीतमा (०७ सालको राजनीतिक परिवर्तनभन्दा अघि) हाम्रो नेपालीले अङ्गे्रजउपनिवेशवाद र तिनीहरुका नेपाली दलालहरुका विरुद्ध सङ्घर्ष गर्दै आफ्नो एकीकृत राष्ट्रको रक्षा गर्ने राष्ट्रिय सङ्घर्षलाई अघि ल्याएका थियौं । आज हामीले रुसी र अमेरिकी अति महाशक्तिहरु, भारतेली विस्तारवादीहरु, अन्य साम्राज्यवादीहरु र तिनीहरुका नेपाली दलालहरुका विरुद्ध दृढ सङ्घर्ष गर्दै त्यसको गौरवपूर्ण परम्परालाई अघि बढाउनुपर्छ।

आज नेपाली राष्ट्रवाद भनेको बहुसंख्यकनेपाली जनताको राष्ट्रवाद हो । यो समग्र रुपमा नेपाली मजदुर, किसान, सहरिया, गरीब, निम्न पुजीपति वर्ग र मध्यम या राष्ट्रिय पुजीपति वर्गका राजनीतिक, आर्थिक, सांस्कृतिक आदि हितहरु प्रतिनिधित्व गर्ने राष्ट्रवाद हो । यस्तो राष्ट्रवाद प्रगतिशील हुन्छ। त्यसैकारण नेपाली प्रतिक्रियावादीहरु (पञ्चे, नेपाली कांग्ेे्रसवा अन्य) ले यसलाई दबाएका छन् ।

उतापट्टि, प्रतिक्रियावादीहरुले दिनरात फलाक्ने गरेका ‘राष्ट्रवाद ’ मुट्ठीभरिका ठूला जमिन्दारहरु, ठूला पुजीपतिहरु (नोकरशाह, दलाल वा विरोधी) अतिमहाशक्तिहरु, भारतेली विस्तारवादीहरु र अन्य साम्राज्यवादीहरुका राजनीतिक, आर्थिक, सांस्कृतिक आदि हितहरु प्रतिनिधित्व गर्ने ‘राष्ट्रवाद ’ हो । त्यो ‘राष्ट्रवाद ’ नक्कली राष्ट्रवाद र सक्कली राष्ट्रघात हो । त्यो ‘राष्ट्रवाद ’ बहुसंख्यकजनताविरोधी, प्रतिक्रियावादी र प्रतिगामी शाही-राजावाद हो ।

हामी नेपाली कम्यु निस्टहरु प्रतिक्रियावादीहरुको उक्त 'राष्ट्रवाद ' लाई घृ णा, भण्डाफोर र ध्वंश मात्र गर्न सक्छौं । हामी नौलो जनवादी क्रान्तिलाई अघि लाने दौरानमा प्रगतिशील नेपाली राष्ट्रवादको समर्थन, रक्षा र विकास गर्छौं, िआफ्नो देशलाई माया गर्ने देशभक्तिको ज्यूदो भावनालाई हु र्काउछौं । यिनीहरुलाई सर्वहारा अन्तर्राष्ट्रवादको महान् नारासग मिलाउदै अति महाशक्तिहरु, भारतेली विस्तारवादीहरु, अन्य साम्राज्यवादीहरु र तिनीहरुका थरिथरिका नेपाली दलालहरुविरोधी सशक्त क्रान्तिकारी विचार र ठूलो भौतिक शक्तिको निर्माण गर्छौं । देशभक्ति, प्रगतिशील राष्ट्रवाद र सर्वहारा अन्तर्राष्ट्रवादको एकताको यो झन्डा नौलो जनवादी क्रान्तिलाई विजय बनाउने हाम्रो एउटा शक्तिशाली हतियार हो ।

३. अर्ध उपनिवेशी र अर्ध सामन्ती नेपाल

यसमा कतै दासप्रथा र कतै कविलायी समाजमा अवशेषहरु थिए तापनि एकीकरण अगाडिका सयौं वर्षदेखि र नेपाली समाज मूल रुपमा सामन्ती रहिआएको थियो । स्वतन्त्र सामन्ती देशकै रुपमा नेपालको एकीकरण भएको हो । एकीकरणको बेला र त्यसको केही पछिसम्मको स्वतन्त्र नेपालमा राजनीतिक सत्ता सामन्त वर्गको हातमा थियो । त्यसबेला शासनको ढाचा मध्ययु गीन सामन्ती राजतन्त्रात्मक थियो । त्यसबेला कृषि र कालीगडीमा आधारित आत्मनिर्भर, प्राकृतिक, सामन्ती अर्थ-व्यवस्था थियो, यद्यपि व्यापार, माल-उत्पादन आदिको रुपमा समाजमा पु जीवादको बिऊ उम्रिसकेको र क्रमशः फस्टाइरहेको थियो । समाजमा आर्थिक आधारमा अडेका सामन्ती मान्यता, विचार, राजनीति र संस्कृति व्याप्त थिए ।

अठारौं शताब्दीको उत्तराद्र्धदेखि नै हाम्रो देशप्रति गिद्दे दृष्टि राख्ने अङ्गे् रजउपनिवेशवादीहरुले अनेकौं षड्यन्त्र, धोका, आक्रमण र असमान सन्धिहरुद्वारा यसलाई आफ्नो औद्योगिक मालहरुको बजार बनाउन र आफ्नो पूर्ण नियन्त्रणमा ल्याउन लागेका थिए । परिणामस्वरुप, एकापट्टि अङ्गे् रज उपनिवेशवादीहरु हाम्रो देशबाट क्रमशः अनेकौं राजनीतिक, सैनिक, आर्थिक विशेषाधिकारहरु एेंठन लागे । हाम्रो देशका आन्तरिक तथा बाह्य क्रियाकलापहरुमा तिनीहरुको हस्तक्षेप निरन्तर बढ्दै गयो । राष्ट्रको एकीकरणको नेतृ त्व सामन्त वर्गले नै गरेको भए तापनि ऐतिहासिक रुपले प्रतिक्रियावादी र प्रतिगामी भइसकेको सामन्तवाद र सामन्ती राजतन्त्रले नेपाली समाजलाई समयानु कूल नेतृ त्व दिन सकेन । यस्तो स्थितिमा देशका प्रतिक्रियावादी शासकहरु अङ्गे् रज उपनिवेशवादीहरुका कठपु तलीमा क्रमशः परिणत हु दै गए । देशको सार्वभौमिकता र राजनीतिक स्वतन्त्रता टु क्रिन र निष्प्रभावी हु न थाले । यसरी हाम्रो स्वतन्त्र देश क्रमशः अर्ध उपनिवेशी देशमा परिणत भयो । अर्कोपट्टि अङ्गे्रज उपनिवेशवादीहरुका सस्ता, राम्रा र टिकाऊ औद्योगिक मालहरुले हाम्रो भित्री बजार कब्जा गरे, तिब्बतसगको परम्परागत उत्तर-दक्षिण व्यापार बन्द प्रायः भयो । कालिगडी उद्योग क्षतविक्षत भयो । सामन्ती अर्थ व्यवस्थामा उथलपु थल मच्चियो । यसरी नेपाली समाजमा पु जीवादको विकास उत्पे् ररितभयो । देशमा व्यापारीहरु तथा दलाल व्यापारीहरुको वर्ग र पछि आएर विदेशी नोकरशाही दलाल वा राष्ट्रिय पु जीपतिहरु तथा मजदु र वर्ग देखापरे । यसरी

हाम्रो समाज क्रमशः अर्धसामन्ती बन्यो । राजनीति, साहित्य, कला, संस्कृति र शिक्षा व्यवस्थाहरुमा पनि क्रमशः यसको प्रतिनिधित्व हु नथाल्यो ।

हाम्रो देश अर्ध-सामन्ती र अर्ध उपनिवेशी बन्ने प्रक्रियाले अङ्गे् रजहरुकोआक्रमणपछिदेखि नै ठोस रुप लिएको हो । सन् १८४६ को कोत हत्याकाण्ड (५) पछि अङ्गे् रजउपनिवेशवादीहरुको कठपुतली जङ्गेराणाद्वारा राणाशाहीको सुरुआत गर्ने घटना, राणाशाहीले सत्ताच्युत हु ने र शाहशाही तथा अन्य प्रतिक्रियावादीहरुले सत्ता पप्त गर्ने सातसाले राजनीतिक परिवर्तन र राजा महेन्द्रले पूर्णरुपमा एकलौटी शासन स्थापना गर्ने सत्र साले काण्ड, यस प्रक्रियाको विकासका महत्वपूर्ण चरण हु न्।

सु गौली सन्धिपछिका ३० वर्षभरि नै अङ्गे् रजउपनिवेशवादीहरु सन्धिद्वारा चल्ने प्राप्त सु विधाहरुको उपभोग गर्दै सत्ता र सम्पत्तिको निम्ति सामन्ती दरबारभित्र चल्ने षड्यन्त्र र झैंझगडाहरुमा हात हाल्ने, त्यहा गडबडी र मारकाट चर्काइदिने अङ्गे् रजविरोधीभारदारहरुलाई सत्ताच्यूत र खतम गर्ने अनि आफ्ना पक्का दलालहरुलाई सत्तामा चढाउने प्रयत्नमा लागिरहे । यसैक्रममा, कोत हत्याकाण्डद्वारा अङ्गे् रजहरुको कठपु तली जङ्गे राणा नेपालको सर्वोच्च सत्ता हत्याउन र १०४ वर्षे राणाशाही स्थापित गर्न सफल भएको थियो ।

राणाशाही मध्ययु गीन सामन्ती एकतन्त्र र अङ्गे् रज उपनिवेशवादीहरुको भरपर्दो कठपु तली थियो । यस १०४ वर्षभरि नै नेपाल अङ्गे् रजी-भारतको उपग्रह राज्य, एकलौटी बजार र अङ्गे् रजी सेनामा 'गोर्खा भर्ती ' (६ को रिक्रुटिङ एजेन्ट (गल्लावाल) बनेको थियो । राणाहरुका मातहतको नेपाली सेना अङ्गे् रजहरुकोदानापानी दिन नपर्ने सैनिक टुकडी (७) मात्र थियो । यस कालमा नेपाल स्पष्ट रुपमा अर्ध उपनिवेशी देश भइसकेको थियो । अङ्गे् रजी-भारतको व्यापारिक स्वार्थलाई जोगाउने र आफ्नो पारिवारिक सम्पत्ति बढाउने धन्दामा लागेका राणाशासकहरुले देशभित्र उद्योगधन्दाको विकासलाई रत्तिभर प्रोत्साहित गरेनन् । देशलाई अङ्गे् रजीमात्रहरुको एकछत्र बजार मात्रै बनाइदिए । त्यसैले राणाकालभरि नै नेपालमा अति ढिलो पंक्तिमा मात्र पुजीवादको विकास भयो । मतलब, यसकालमा समाजको अर्ध-सामन्ती बन्ने प्रक्रिया अति ढिलो गतिमा अघि बढ्यो । तर दोस्रो विश्वयुद्ध अघि र पछिको विश्वव्यापी आर्थिक सङ्कटको समयले राणाशाहीले विदेशी, नोकरशाही र दलाल पुजीका केही उद्योग-धन्दाहरु खोल्यो र यस प्रक्रियाले केही गति प्राप्त गर्‍यो ।

०७ सालको राजनीतिक परिवर्तन र ०१७ साले काण्डपछि पनि हाम्रो देशको अर्धउपनिवेशी र अर्ध सामन्ती चरित्र रत्तिभर बदलिएको छैन । बरु त्यो अझ विकसित र प्रष्ट भएको छ । उक्त परिवर्तनले अङ्गे् रजीसाम्राज्यवादको नेपालमाथिको एकलौटी प्रभुत्वलाई खतम गरेर त्यसलाई अमेरिकाली र अङ्गे् रज साम्राज्यवादीहरु, भारतेली विस्तारवादीहरु, रुसी सामाजिक साम्राज्यवादीहरु र अन्य साम्राज्यवादीहरुको राजनीतिक प्रभाव क्षेत्र र व्यापारिक बजार बनाउने बाटो खोलेको छ । ती सबै साम्राज्यवादीहरु र विस्तारवादीहरु नवउपनिवेशवादी नीति अपनाउदै यहा राजनीतिक, आर्थिक तथा सांस्कृतिक आक्रमण गर्दैछन्, बेलाबेलामा सशस्त्र गडबडी मच्चाउदै र नेपाली

प्रतिक्रियावादी शासकहरुलाई आफ्ना स्वार्थ र नीतिहरुअनुरुप चलाउदैछन् । तिनीहरु तथाकथित 'आर्थिक सहयोग' द्वारा यहा भ्रष्ट, नोकरशाह र अन्य दलाल तत्वहरुको सृष्टि र परिवर्तन गर्दैछन् । तिनीहरु ऋण र तथाकथित 'संयुक्त आर्थिक कारोबार' वा 'संयुक्त पुजी लगानी' द्वारा हाम्रो देशका प्राकृतिक सम्पदा तथा स्रोतहरु र श्रम तथा साधनहरुलाई लुट्दै हामीलाई निर्ममतापूर्वक चुसिरहेका छन् । तिनीहरु आफ्ना दलालहरुद्वारा नेपाली उद्योगधन्दा (राष्ट्रिय पुजीवाद) को विकासमा बाधा दिंदैछन्, व्यापारमा निर्यातलाई बढ्न नदिने र आयातलाई निरन्तर बढाउनुपर्ने स्थिति पैदा गर्दैछन्, हामीलाई पछौटे कृषि अर्थ व्यवस्थामा बाधेर परावलम्बन, विदेशी ऋण तथा घाटाको हिलोमा निरन्तर भसाइरहेका छन् । यी काममा अति महाशक्तिहरुद्वारा समर्थित भारतेली विस्तारवादीहरु नै सबभन्दा अगाडि छन् । यो हाम्रो समाजको बढ्दो अर्ध उपनिवेशी चरित्रको प्रमाण हो । यहा सामन्तवाद मेटिएको छैन । मुठ्ठिभरिका जमिन्दारहरुको स्वामित्वमा नै मलिलो, उब्जाउ र सिंचाई हुने धेरै जमीन छ । बहुसंख्यककिसानहरुसग यति जग्गा छदैछैन या सिंचाई हुनेथोरै जग्गा मात्र छ । बहुसंख्यककिसानहरु जमिन्दारद्वारा लादिएका चर्को कुत वा ठेक्का, अधिया, चर्को व्याज र अन्य प्रकारका सामन्ती शोषणहरु तथा सरकारी शोषणमा पिसिएकै छन् । यहाको नोकरशाही, दलाल तथा विदेशी पुजीवाद र नगन्य मात्रामा बढेको राष्ट्रिय पुजीवादले समाजलाई अर्ध सामन्ती मात्र बनाएको छ ।

आज हाम्रो देशमा अति महाशक्तिहरु, भारतेली विस्तारवादीहरु र अन्य साम्राज्यवादीहरुको स्वार्थ पूरा गर्ने ठूलो जमिन्दार वर्ग तथा ठूलो पुजीपति वर्गको प्रतिक्रियावादी राजतन्त्रात्मक अधिनायकत्व छ, यहा राजावादी पंचे प्रतिक्रियावादीहरु जनता तथा क्रान्तिविरोधी शासन चलाइरहेका छन् र हाम्रो समाज टड्कारो रुपले अर्धउपनिवेशी र अर्धसामन्ती नै छ । यहा प्रमुखतामा रहेका कला, साहित्य, संस्कृति, शिक्षा आदिले यिनै शासक वर्गहरुको सेवा गर्छन् र तिनीहरु राष्ट्र, जनता र क्रान्तिविरोधी अर्धउपनिवेशी तथा अर्धसामन्ती चरित्रका छन् ।

यस्तो आर्थिक, राजनीतिक र सांस्कृतिक स्थितिलाई बदलेर स्वतन्त्र, मुक्त, समृद्ध, जनवादी र क्रान्तिकारी समाजको स्थापना गर्नको निम्ति नै यहा नौलो जनवादी क्रान्तिको आवश्यकता परेको हो ।

राणाशाही-विरोधी सङ्घर्ष र सात साले

राजनीतिक परिवर्तन

राष्ट्रिय एकीकरणको अघिपछि र त्यसकै दौरानमा पनि सामन्तवाद तथा त्यसको नेतृत्वदायी संस्था राजतन्त्रसग जनसमूहका विरोध र सङ्घर्ष निरन्तर विद्यमान थिए । तिनीहरुले नै यस सामन्ती समाजलाई अघि बढाएका हुन् । राणाशाही स्थापित भएपछि जनसमूहले त्यसको विरुद्ध विभिन्न प्रकारले असन्तोष र विरोध व्यक्त गर्न थाले,

फाटफुट सङ्घर्षहरु भए । उनीहरुले यसो गर्नु स्वाभाविक थियो । किनभने राणाशाही मध्ययुगीन सामन्तवादको प्रतिनिधि बनेको थियो र त्यो अङ्गे्रजहरुकोकठपुतली, राष्ट्रविरोधी र प्रगतिविरोधी घोर प्रतिक्रियावादी पारिवारिक अधिनायकत्व थियो । ती सङ्घर्षहरु राष्ट्रियता र जनवादनिम्तिकै सङ्घर्षहरु थिए । यस कालभरि नै शाह राजाहरु राणाशाहीका कठपुतली संरक्षक बनेका थिए । समाजमा व्याप्त मध्ययुगीन सामन्तवाद, अङ्गे्रज उपनिवेशवादीहरुको बन्धन। शोषण र उत्पीडन, अङ्गे्रजहरुको समर्थन र सहयोगमा राणाशाहीले जनतामाथि थोपरेको राष्ट्रिय अर्थतन्त्र, शिक्षा तथा संस्कृतिको विकासविरोधी अन्धकारपूर्ण र क्रूर शासनले नेपाली जनताको स्वतन्त्र र स्वभाविक राजनीतिक जागरणमा अतिशय ठूलो बाधा पु¥याएका थिए । त्यतिमात्र होइन, तिनीहरुले विश्वका अरु भागमा विकसित भइरहे्कानया ‘वादे ’ र विचारधाराहरुबाट पनि नेपाली जनतालाई पूर्ण रुपले एक्का पार्न खोजेका थिए । यस्तो अवस्थामा पनि धर्म, समाज–सुधार र आधुनिक शिक्षा, नेपाली भाषा तथा साहित्य प्रचारको आडमा राणाशाहीको विरुद्ध बेलाबेलामा जनताको असन्तोष र विरोधहरु अभिव्यक्त हुन्थे। यस सन्दर्भमा लखन थापा–विद्रोह, आर्यसमाजी प्रचार आन्दोलन, सुब्बा कुष्णलालको ‘मकैको खेती ’ को प्रकाशन, ‘लाइबे्ररी पर्व ’ आदि (८) उल्लेखनीय छन् ।

पहिलो विश्वयुद्धकालमा अङ्गे्रजहरुका भाडाको सेनाको रुपमा अनेक युद्ध मोर्चाहरुमा लड्दै लाखौं नेपाली जवानहरुले साम्राज्यवादीहरुको निम्ति व्यर्थैमा आफ्नो ज्यान गुमाए भने बाच्नेहरु विभिन्न किसिमका विचारहरुबाट प्रभावित हुदै फर्के । उनीहरुले देशमा राणाशाही विरोधी जागरण ल्याउन केही मद्दत गरे । उनीहरुमध्ये केहीले र देशमा राणाशाहीबाट असन्तुष्ट व्यक्तिहरुले पनि भारतका विभिन्न ठाउहरुमा बसी राणाशाहीको विरोधमा प्रचार र सङ्गठन गर्नथाले । यस सन्दर्भमा बनारसबाट ‘गोर्खाली ’ साप्ताहिकको प्रकाशन, देहरादूनमा ‘गोर्खालीग ’ को स्थापना र त्यसको मुखपत्र ‘गोर्खा संसार ’ (पछि ‘तरुण गोर्खा ’ ) को प्रकाशन, (९) आदि उल्लेखनीय छन् ।

पहिलो विश्वयुद्धपद्धि देशमा राणाशाहीको शोषण र दमन अझ चर्कियो । परिणामस्वरुप जनताको असन्तोष र विरोधहरुले पनि चर्कंदो रुप लिन थाले । रुसमा महान् समाजवादी अक्टुबर क्रान्तिको विजय भयो । एसियामा राष्ट्रिय मुक्ति सङ्घर्षहरुको लहर उठ्यो । सन् १८५७ को महान् विद्रोहपछि भारतेली जनताको अङ्गे्रजविरोधी स्वतन्त्रता सङ्घर्षले धक्काबाट उठेर क्रमशः उत्तरोत्तर विकास गरिरहेको थियो । यिनीहरुले पनि राणाशाही विरोधी नेपाली जनजागरण र सङ्घर्षलाई उठाउन ठूलो भूमिका खेले । उतापट्टि नया–नया उपायहरुद्वारा निजी सम्पत्ति बढाउन र जनभावनालाई आफूपट्टि मोडी आफ्नो शासनलाई टिकाइराख्न राणा शासकहरुले केही सामाजिक सुधारहरु गरे, केही स्कूलको स्थापना गरे, एक दुई ठाउमा बाटोघाटो, रोपवे, रेलवे बनाए अझ पछि केही उद्योगधन्दा, बैङ्क र बीमा संस्थाहरु खोले । तर राणा शासकहरुको इच्छाविपरीत यिनीहरुले जनजागरणलाई बढ्न मद्दत दिए, क्रान्तिकारी सर्वहारा वर्गलाई जन्माएर राणाशाहीकै चिहान खन्ने जनसङ्घर्षलाई उठ्न मद्दत गरे ।

यसकालमा राणाशाहीविरोधी नेपालीहरुले देशका विभिन्न भागमा एकपछि अर्को गर्दै विभिन्न प्रकारका गुप्त वा खुला सङ्घ संस्थाहरु खोले । ती सबैको उद्देश्य राणाशाहीविरोधी जनजागरण र जनसङ्घर्ष उठाउने वा राणाशाहीलाई नै उल्टाउने थियो । यस सन्दर्भमा 'प्रचण्ड गोर्खा ' को स्थापना र त्यसका राणाशाही विरोधी षड्यन्त्रमूलक गतिविधिहरु, 'नेपाली नागरिक अधिकार समिति ' को गठन र त्यसका क्रियाकलापहरु, 'नेपाल प्रजा-परिषद् ' को स्थापना र त्यसका क्रियाकलापहरु (१०) आदि उल्लेखनीय छन् ।

दोस्रो विश्वयुद्ध अघिका देश वा प्रवासका यी सबै विरोधी क्रियाकलाप वा सङ्घर्षहरुलाई राणाशाहीले या त क्रूरतापूर्वक दबाउन या तिनीहरुलाई धूर्ततापूर्वक आफ्नो सेवामा लगाउन सक्यो । किनभने तिनीहरु धार्मिक अन्धविश्वास र सामन्ती रुढीवाद वा साम्राज्यवादी दलाल गान्धीका राष्ट्रियता, जनता, क्रान्ति र कम्युनिस्टविरोधी विचारहरुले ग्रस्त थिए । तिनीहरु क्रान्तिकारी सर्वहारावादी सिद्धान्तमा आधारित थिएनन् र तिनीहरुले साम्राज्यवाद तथा सामन्तवादको विरोध गर्ने राणाशाही-विरोधी क्रान्तिकारी कार्यक्रम बनाएर जनतालाई दृढतापूर्वक सङ्घर्षमा (परिस्थितिको विचार गरी जनसशस्त्र सङ्घर्षमा उत्रने गरी) बढाउने उद्देश्य लिएका थिएनन् । राणाशाहीविरोधी यस्ता क्रियाकलाप वा सङ्घर्षमा उत्रेका व्यक्तिहरुमध्ये कैयौंले आफ्नो जीवन बलिदान गर्नुपर्‍यो, (११) कैयौंले लामो र कठोर जेल-यातना भोग्नुपर्‍यो, कैयौंले निर्वासित हुनुपर्‍यो र जनसाधारणले पनि अनेक प्रकारका दुःख कष्ट र यातनाहरु पाए ।

यति भएर पनि राणाशाही-विरोधी उपयुक्त सीमित र असफल क्रियाकलाप वा सङ्घर्षहरुले शासक वर्गभित्र फूट पार्ने, राणाशाहीलाई कमजोर पार्ने र नेपाली राष्ट्रिय जनवादी चेतनालाई क्रमशः उठाउने काम गरेका थिए । यो तिनीहरुको सकारात्मक पक्ष थियो । यसको साथसाथै तिनीहरुको नकारात्मक र हानिकारक पक्ष पनि थियो । तिनीहरुको यस पक्षले नेपाली जनतामा, गान्धीवादी विचारधारा, साम्राज्यवादको विरोध गर्ने बहानामा साम्राज्यवादकै दलाली गर्ने राष्ट्रियता, जनता, क्रान्ति तथा कम्युनिस्टविरोधी विचारधाराको विषालु प्रभावलाई व्यापक रुपमा फैलाए र नेपाली जनजागरण र जनसङ्घर्षलाई सामयिक रुपमा साम्राज्यवाद र सामन्तवादको दलाली गर्नेप्रति क्रान्तिकारी दिशातर्फ मोड्न सजिलो पारे । यस पक्षको धारावाहिकता आजसम्म छ र यसले नेपाली क्रान्तिको विकासमा गम्भीर प्रतिकूल प्रभाव पारिरहेको छ । हामीले यसको सामग्रिक भण्डाफोर र आलोचना खण्डन गर्नैपर्छ । भारतको कम्युनिस्ट आन्दोलनको नेतृत्वमा सुरुदेखि नै संशोधनवादले जरो गाड्नु र त्यसले महान् चीनिया क्रान्तिका अनुभवहरुलाई अस्वीकार तथा विरोध गर्दै वर्ग आत्म-समर्पण, राष्ट्रिय गद्दारी र संसदीय प्रजातन्त्रको गलत बाटो लिनु अनि नेपाली कम्युनिस्ट आन्दोलन पनि जन्मैदेखि यिनीहरुकै प्रभावमा पर्नु नै यस हानिकारक पक्षलाई झांगिन दिने प्रमुख कारण हुन्।

दोस्रो विश्वयुद्धमा जतातत्तै फासिष्टवादी शक्तिहरुको हार भयो । हिटलरी जर्मनीलाई पछार्दै स्टालिनको सोभियत सङ्घ विजयी भयो । पूर्वी यूरोपमा जनगणतन्त्रहरु स्थापित भए । एशियाका राष्ट्रिय मुक्तिसङ्घर्षहरु अभूतपूर्व रुपले अघि बढे । अङ्ग्रेजी साम्राज्यवादविरोधी भारतेली स्वतन्त्रता सङ्घर्षमा ज्वार आयो । यिनीहरुले दोस्रो

विश्वयुद्ध र त्यसपछिका कालमा नेपाली जनतालाई राणाशाही विरोधी सङ्घर्षमा अभूतपूर्व रुपले उठ्न पे् ररितगरे । अङ्गे् रजहरुको तर्फबाट युद्ध लडी फर्केका नेपालीहरुले राणाशाहीविरोधी जनजागरण बढाउन निकै मद्दत गरे । अङ्गे् रजहरुलेबाध्य भएर भारतको प्रत्यक्ष शासनबाट हट्दा सातोपुत्लो उडेको राणाशाही, जनताको बढ्दो विरोधको साथसाथै सम्पत्ति र सत्ताको निम्ति भइरहेका पारिवारिक षड्यन्त्र, मारकाट र फूटहरुले अत्यन्त कमजोर बनेको थियो ।

यस्तो स्थितिमा भारतेली विस्तारवादीहरु किन चुप लाग्थे र ? तिनीहरुकै प्रेरणा र संरक्षणमा भारतमै 'नेपाली राष्ट्रिय काङ्गे् रस' (जनवरि १९४७) 'नेपाली प्रजातान्त्रिक काङ्गे् रस' (१९४८) को स्थापना भयो । १९५० अप्रिलमा ती दुवै गाभिएर 'नेपाली काङ्गे् रस' बन्यो । वस्तुतः यो पार्टी नेपालका ठूला जमिन्दारहरु, ठूला पुजीपतिहरु र भारतेली विस्तारवादीहरुको हित प्रतिनिधित्व गर्ने, नेपाली नौलो जनवादी क्रान्तिविरोधी पार्टी नै थियो । विश्वेश्वर मार्काका नेताहरुले पार्टी बनाउनु, राणाशाही विरोधी सङ्घर्षमा पस्नु र तथाकथित 'मुक्ति युद्ध ' चलाउनुको उद्देश्य वास्तविक रुपमा नेपाललाई 'भारतकै एउटा प्रमुख अङ्ग ' बनाउनु नै (१२) थियो । यस षड्यन्त्रलाई त्यसबेला कसैले पनि चिन्न र शक्तिशाली ढङ्गले भण्डाफोर र विरोध गर्न सकेनन् । यस्तै षड्यन्त्रपूर्ण राजनीतिक वातावरणमा विराटनगरका मजदुरहरु राणाशाहीविरोधी सङ्घर्षमा उत्रे (मार्च, अप्रिल १९४७) । नेपाली इतिहासमा यी पहिलो मजदुर सङ्घर्ष थियो । राणाशाही विरोधी सङ्घर्ष उन्नतस्तरमा चलिरहेको कुराको सङ्केत दिइरहेको थियो । अब राणाशाहीविरोधी सङ्घर्ष उन्नतस्तरमा चलिरहेका कुराको सङ्केत दिइरहेको थियो । अब राणाशाहीविरोधी सङ्घर्षहरु सहर र तराईका सीमानालाई नाघेर गाउ-गाउ र पहाडमा पुगे । नेपाली नौलो जनवादी क्रान्ति स्पष्ट चरित्र र सही बाटो लिनुपर्ने स्थितिमा पुग्यो । तर ठीक यहीबेला अन्तर्राष्ट्रिय संशोधनवाद अघि स¥यो । त्यसको षड्यन्त्रमा फस्तै सन् १९४९ (वि.सं. २००६ साल) मा नेपाल कम्युनिस्ट पार्टीको गठन भयो । यसरी नेकपाको नेतृत्वमा सुरुदेखि नै संशोधनवादले जरा गाड्न सक्यो । त्यसैकारण पार्टी नेतृत्वले भारतेली विस्तारवादीहरु नेपाली काङ्गे् रसर अरु नेपाली प्रतिक्रियावादीहरुका हस्तक्षेप तथा षड्यन्त्रहरुलाई भण्डाफोर तथा विरोध गर्दै सङ्घर्षलाई नौलो जनवादी क्रान्तिको बाटोमा अघि बढाउनु त कता हो कता उल्टै तिनै षड्यन्त्र तथा हस्तक्षेपहरुलाई समर्थन गर्दै नेपाली जनता तथा क्रान्तिप्रति ठूलो गद्दारी ग¥यो । परिणामस्वरुप राणाशाहीविरोधी सङ्घर्षले विस्तारवादी र नेपाली प्रतिक्रियावादीहरुका हस्तक्षेप तथा षड्यन्त्रहरुलाई चिर्दै नौलो जनवादी क्रान्तिको स्पष्ट चरित्र र सही बाटो लिन सकेन ।

भारतेली विस्तारवादीहरु र तिनीहरुको दलाल नेकाले राणाशाहीलाई सम्झौता गर्न भुकाई नेपाललाई जनता, क्रान्ति, कम्युनिस्ट र चीनविरोधी भारतेली उपनिवेश बनाउनको निम्ति तथाकथित 'सशस्त्र क्रान्ति ' को सुरुआत गरे (१० नबेम्वर १९५०) । तिनीहरु चीनिया नौलो जनवादी क्रान्तिको विजय र चीनको तिब्बत क्षेत्रमा चीनिया जनमुक्ति सेनाको प्रवेशले आत्तिएका थिए, नेपालमा स्पष्ट हुदै गएको नौलो जनवादी क्रान्तिको 'भूत ' ले तर्सिएका थिए । तिनीहरुको 'मुक्तियुद्ध ' भारतेली गुलामीको युद्ध थियो ।

प्रष्ट छ, नेकपाको संशोधनवादी नेतृत्वले राणाशाही-विरोधी सङ्घर्षलाई नौलो जनवादी क्रान्तिको सही दिशातर्फ डो¥याएन र त्यसको डो¥याउने उद्देश्य पनि थिएन । त्यसले राणाशाहीको विरोधमा सशस्त्र सङ्घर्षमा उत्रेका जनतालाई सच्चा जनसेना बनाउने, क्रान्तिकारी भूमिसुधार गर्ने, इलाकाको आधारमा जनवादी सत्ता स्थापित गर्ने र गाउले आधार क्षेत्रहरु निर्माण गर्ने सही सिद्धान्त र दृढ नेतृत्व दिएन । उल्टै त्यो नेकालाई पूर्ण समर्थन गर्दै र जनसङ्घर्षको आह्वान गर्ने काममा सीमित हुदै जनतालाई सशस्त्र सङ्घर्षमा नेतृत्व दिनबाट भाग्यो । त्यो यसरी उक्त षड्यन्त्र तथा हस्तक्षेपको पृष्ठपोषक बन्न पुगेको प्रष्ट हुन्छ । जनता सशस्त्र भएर राणाशाहीलाई ढाल्दै गाउगाउमा साम्राज्यवाद र विस्तारवादको पृष्ठपोषक सामन्तवादलाई खतम गरी आफैं जनसत्ता स्थापित गर्ने र क्रान्तिकारी भूमिसुधार गर्ने दिशातर्फ बढ्न थालेपछि भारतेली विस्तारवादी र नेपाली प्रतिक्रियावादीहरुले मिली 'दिल्ली सम्झौता ' (१३) गरेर जनतालाई हतियार फ्याक्ने आदेश दिए । तिनीहरु अति डराएका थिए, कही सच्चा कम्युनिस्ट क्रान्तिकारीहरुको नेतृत्वमा सशस्त्र सङ्घर्षद्वारा तिनीहरुका वर्गको सत्ता नै नउखेलियोस् । यसरी 'सातसाले क्रान्ति ' को नाटक यही टुंगिन्छ । राणा शासकहरु पर्दाभित्र जान्छन् र शाह राजाहरु रङ्गमञ्चमा आउछन् । प्रतिक्रियावादीहरुको निम्ति 'प्रजातन्त्र ' आउछ र शाही राजाको संरक्षणमा राणा-काङ्ग्रेस संयुक्त सरकार बन्छ ।

यसरी सात सालमा राणाशाही-विरोधी सङ्घर्षलाई नौलो जनवादी क्रान्तिको स्पष्ट चरित्र र सही बाटो लिन दिइएन । त्यसलाई पथभ्रष्ट र विनष्ट पारियो । सातसालले सत्ताको वर्गीय प्रकृतिमा कुनै परिवर्तन ल्याएन, उनै वर्गहरुको सरकार मात्र बदल्यो । त्यसले राष्ट्रिय मुक्ति ल्याएन, बरु नया ढङ्गले राष्ट्रिय गुलामी थोपर्ने नव साम्राज्यवादी शक्तिहरुलाई नै देशभित्र भित्र्यायो । त्यसैकारण हामीले दृढताका साथ नौलो जनवादी क्रान्ति चलाउनुपर्ने तात्कालिक आवश्यकता यथावत रहेकैछ ।

५. सात सालपछिको नेपाल

' सात साले क्रान्ति ' को नाटक राजा त्रिभुवनको संरक्षणमा राणा-काङ्गे्रस संयुक्त मन्त्रिमण्डलको गठनमा टुंगियो । यसरी भारतेली विस्तारवादीहरु र नेपाली प्रतिक्रियावादीहरुले अङ्गे्रजहरुकोकठपुतली राणाशाहीविरोधी राष्ट्रिय जनवादी सङ्घर्षलाई कोपिलामै चुडिदिए । त्यस संयुक्त सरकारले राणाशाही-विरोधी सङ्घर्षको दौरानमा सशस्त्र भएका जनतालाई निःशस्त्र पा¥यो, सामन्ती जमिन्दारहरुका विरुद्ध विद्रोहमा उत्रेका किसानहरुलाई र 'दिल्ली सम्झौता ' विरोधी सशस्त्र सङ्घर्ष तथा जनआन्दोलनहरुलाई निर्ममतापूर्वक दबायो र सशस्त्र सङ्घर्षमा लागिरहने शक्तिलाई भारतेली विस्तारवादको कठपुतलीमात्रै थियो र त्यो नेपाली काङ्गे्रसको उद्देश्यअनुरुप नेपाललाई भारतको उपनिवेश बनाउने बाटामा तीब्र गतिले अघि बढ्यो ।

सातसालदेखि सत्र सालबीचका दश वर्षमा राजा त्रिभुवन र महेन्द्रले विभिन्न किसिमका आठवटा मन्त्रिमण्डलको गठन र विघटन गरे र दुईचोटी प्रत्यक्ष शासन चलाए । यी दश वर्षका दशवटा सरकारले केही गौण सवालहरुमा

अलग-अलग नीति अपनाए तापनि तिनीहरुले हाम्रो अर्धसामन्ती र अर्धउपनिवेशी समाजमा क्रान्तिकारी आमूल् परिवर्तन ल्याउने कुनै काम गरेनन्, न त तिनीहरु त्यसो गर्न नै सक्तथे । किनभने पहिलो, तिनीहरु समाजको आमूल परिवर्तनविरोधी प्रतिक्रियावादी शक्तिकै प्रतिनिधित्व गर्थे, दोस्रो, राणाशाहीबाट ल्याएको पुरानो नोकरशाही राज्ययन्त्रद्वारा सुधारवादी नीति-नियमसम्मलाई पनि सफलता साथ लागू गर्न सकिन्नथ्यो । ती सरकारहरुले भारतेली विस्तथारवादीहरु र अमेरिकाली तथा अन्य साम्राज्यवादीहरुलाई देशको सार्वभौमिकता र भू-अखण्डलाई खण्डित पार्न, देशमा अझ बढी राजनीतिक, आर्थिक तथा सांस्कृतिक घुसपैठ गर्न, देशका निजी र आन्तरिक मामलाहरुमा हस्तक्षेप गर्न र ‘गोर्खा भर्ति ’ द्वारा नेपाली नौजवानहरुलाई भाडाका फौजको निम्ति किनिरहन निम्त्याई आफूलाई नव उपनिवेशवादको पक्का दलाल सावित गरे । यसरी तिनीहरुले हाम्रा समाजको अर्धउपनिवेशी र अर्धसामन्ती चरित्रलाई झन्झन् नाङ्गो पार्ने काम गरे । तिनीहरुले मजदूर, किसान र अन्य वर्गका जनताका न्यायपूर्ण र प्रगतिशील सङ्घर्षहरुलाई, राष्ट्रियता र जनवाद निम्तिका सङ्घर्षहरुलाई हिंसात्मक रुपले दमन गरे । मजदुर, किसान र क्रान्तिकारीहरुको हत्या गरे । यसरी तिनीहरुले देशमा हत्या, लुटपाट तथा आतङ्कको अराजकतापूर्ण वातावरण सिर्जे । (१५)

नेपाली प्रतिक्रियावादीहरु जनतासमक्ष जतिजति नाङ्गो र बदनाम हुदै गए त्यति नै तिनीहरु साम्राज्यवाद र विस्तारवादको संरक्षणमा नया-नया नाराहरु फेर्दै जमिन्दार तथा नोकरशाही-दलाल पुजीपतिहरुको संयुक्त अधिनायकत्वलाई जोगाउन र बलियो पार्न लागे । झन्झन् नया तरिकाले जनताको शोषण, दमन हुनथाल्यो । उनीहरुका समस्याहरु समाधान हुनुको सट्टा झन्झन् थपिदै गए । यसरी यी सबै सरकारहरु भारतेली दलाल र चीनविरोधी थिए । खासगरी काङ्ग्रेसीसरकारहरु पूर्ण भारतेली दलाल र उग्र चीनविरोधी थिए । स्मरणरहोस्, यी सब सरकारका संरक्षक र सञ्चालक तथा कथित ‘प्रजातन्त्रका जन्मदाता ’ तथा ‘राष्ट्रपिता ’ त्रिभुवन तथा तथाकथित ‘राष्ट्रियताका प्रहरी ’ महेन्द्र नै थिए ।

आफू सत्तारुढ हुदा काङ्ग्रेसीहरुलेनेपालको सार्वभौमिकता र स्वतन्त्रता, प्राकृतिक सम्पदा तथा स्रोतहरु र अन्य राष्ट्रिय स्वार्थहरुलाई भारतेली विस्तारवादीहरुको हातमा बिक्री गरे । आफू सत्तारुढ हुदा वा नहुदा पनि तिनीहरुले हाम्रा भाषा, संस्कृति तथा परम्परालाई र देशकै अस्तित्वलाई समेत भारतमा लुप्त पार्ने आफ्नो अपराधी उद्देश्य प्रकट गरे र त् इसकोनिम्ति दुष्प्रयत्न गरे । तिनीहरुले साम्राज्यवाद, विस्तारवाद र सामन्तवादको हित प्रतिनिधित्व गर्दै जनतालाई वास्तविक जनवादी अधिकारहरुबाट सधैं बञ्चित गरी प्रतिक्रियावादीहरुको अधिनायकत्वलाई झन् बलियो पार्ने काम गरे । यी सबै तिनीहरुको वर्गचरित्र र राष्ट्रविरोधी राजनीतिक सरकारले नै निश्चित गरेका थिए र आजसम्म तिनीहरुको धारावाहिकता छदैछ ।

यस दश वर्षे अवधिमा राजाहरुको संरक्षण र नेतृत्वमा चल्ने प्रतिक्रियावादी सरकारहरुले, खासगरी काङ्ग्रेसी सरकारहरुले साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद तथा नोकरशाही दलाल र विदेशी पुजीवादका पक्षमा अपनाएका राष्ट्र्य, जनता तथा क्रान्तिविरोधी नीतिहरुका विरुद्ध सङ्घर्षशील कम्युनिस्टहरु र विभिन्न वर्ग र तहका जनताले

दृढतापूर्वक सङ्घर्ष गरे । यी सङ्घर्षहरुले उनीहरुमा अमेरिकाली–अङ्ग्रेजीसाम्राज्यवाद, भारतेली विस्तारवाद र घरेलु प्रतिक्रियावादविरोधी चेतनाको तीब्र र व्यापक रुपमा सञ्चार गरे, खासगरी भारतेली विस्तारवाद र त्यसको दलाल नेपाली काङ्ग्रेसविरोधी, देशभक्तिपूर्ण भावनाको अभूतपूर्व रुपमा सञ्चार गरे । जनता प्रतिक्रियावादी व्यवस्थाको विकल्प र क्रान्ति र मुक्तिको बाटो खोज्न लागे । तर दूर्भाग्य, उनीहरुले धोका र विश्वासघातबाहेक कोहीबाट केही पनि पाउन सकेनन् । नेकपाको संशोधनवादी नेतृत्वले उनीहरुको क्रान्ति र मुक्तिको बाटोप्रति गद्दारी नै गरिरह्यो ।

यस अवधिमा नेकपाको संशोधनवाद झन्झन् नाङ्गो हुदै गयो । संशोधनवादले जरा गाडेको र महान् चीनिया क्रान्तिबाट सिक्न अस्वीकार गरेकाले पार्टी नेतृत्वमासुरुदेखि नै नेपाली नौलो जनवादी क्रान्तिका चरित्र, नेतृत्वदायी शक्ति, मूलशक्ति, निशाना, काम, संक्रमण, सङ्घर्ष र सङ्गठनका रुपहरु, रणनीति र कार्यनीति आदिका बारेमा दृढ, स्पष्ट वा सही विचार थिएनन्, अझ खासगरी त्यहा दीर्घकालीन जनयुद्धका विचारहरु त छदै थिएनन् । उल्टै पाटीई नेतृत्व सुरुदेखि नै संसदीय राजनीति, औपचारिक प्रजातन्त्र र खाली जनआन्दोलनका भासमा डुबेको थियो । फलस्वरुप, पार्टीमा नेपाली क्रान्तिका माक्र्सवादी–लेनिनवादी सही सिद्धान्त, लाइन र नीतिहरु कहिल्यै उत्पन्न हुनसकेनन् । संशोधनवादले अन्धो बनाएको नेकपाले राजतन्त्र र नेकालाई सामन्तवाद, नोकरशाही–दलाल पुजीवादको प्रतिनिधित्व देख्नु त कता हो कता उल्टै त् इसलेराजतन्त्रलाई सामन्तवादको मात्र प्रतिनिधि र नेकालाई चाहि राष्ट्रिय पुजीपति वर्गको प्रतिनिधि देख्यो । यही ‘दिव्यदृष्टि ’ लिएर नै त्यसले साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद र नोकरशाही–दलाल पुजीवादविरोधी सङ्घर्षमा जनताप्रति गद्दारी गर्‍यो । यस्तो नेतृत्वमा सञ्चालित पार्टी विचारधारात्मक रुपमा र व्यवहारमा पनि कहिल्यै स्वतन्त्र हुन सक्दैनथ्यो । त्यसैकारण त्यसका कुनै अंश राजालाई राष्ट्रिय एकताको प्रतीक मान्दै उसका समर्थक त कुनै अंश जनवादी शक्ति भनेर काङ्ग्रेसकादलाल बनेका थिए ।

नेपाली जनताको असहयोग र विरोध, राजाको दमन र चीनमाथिको आक्रमण (०१८) मा हार खाई आच्छु–आच्छु परेको भारतेली विस्तारवादको आदेशले गर्दा नेकाले देशद्रोही सशस्त्र तोडफोडलाई रोक्नुपर्‍यो । राष्ट्रियता, स्वतन्त्रता, शान्ति र प्रगतिको नाममा महेन्द्र र ऊपछि वीरेन्द्रले कठोर दमन नीति अपनाउदै र अमेरिकाली र अन्य साम्राज्यवादीहरुबाट सहयोग लिंदै निरङ्कुश पञ्चायती व्यवस्थालाई बलियो पारे । काङ्ग्रेसीर संशोधनवादीहरु जनताको अगाडि झन्झन् नांगिदै गए, तिनीहरु शक्तिविहीन हुदैगए । राजाको पञ्चे प्रतिक्रियावादी व्यवस्थाले देशलाई अमेरिकाली तथा अन्य साम्राज्यवादीहरुको झन्झन् आश्रित नोकर बनाउदै लग्यो, ठूला जमिन्दार र ठूला पुजीपतिहरुको स्वार्थ रक्षा गर्ने नया–नया तरिकाहरु अपनाउन लाग्यो र जनताको दैनिक जीवनलाई झन्झन् कठिन बनाउदै लग्यो । यी तथ्यहरुले जनताको अगाडि प्रतिक्रियावादी राजाका पञ्चायती प्रजातन्त्र, राष्ट्रवाद, विकास र शान्तिका नाराको भित्री रहस्यलाई नंग्याउदै लगे । ठीक यसै समयमा विश्वभरिनै अमेरिकाली साम्राज्यवादविरोधी क्रान्तिकारी सङ्घर्ष विजयघोषका साथ झन् अघि बढ्दै गयो, आधुनिक संशोधनवाद निरन्तर नाङ्गिदै र पराजित

हुदै गयो, चीनको महान् सर्वहारावादी सांस्कृतिक क्रान्तिको प्रभावले अजेय माक्र्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारालाई विश्वव्यापी रुपमा फैलाउदै लग्यो र छिमेकी भारतमा संशोधनवादलाई पराजित गर्दै महान् ऐतिहासिक नक्सालबाडी किसान विद्रोह वसन्तको मेघ गर्जन झैं गर्जिएर उठ्यो । यिनीहरुद्वारा नेपाली क्रान्तिकारीहरु तथा जनता प्रभावित र प्रेरितभए । उनीहरु झन्झन् सचेत हुदै साम्राज्यवाद, विस्तारवाद, घरेलु प्रतिक्रियावादविरोधी सङ्घर्षमा बढ्न थाले । क्रान्तिकारी कम्युनिस्टहरुको नेकपाको संशोधनवादविरोधी सङ्घर्ष तेज गतिमा अघि बढ्यो । यस्तै परिप्रेक्ष्यमा ०२८ सालमा ऐतिहासिक झापा विद्रोह भयो । त्यो विद्रोह साम्राज्यवाद, घरेलु प्रतिक्रियावाद र संशोधनवादको विरुद्ध एउटा गुणात्मक फड्को थियो । त्यसले नेपाली नौलो जनवादी क्रान्तिलाई सही सिद्धान्त, लाइन र नीतिहरु लिएर अघि बढ्ने ढोका खोलिदिएको छ ।

वीरेन्द्रको प्रतिक्रियावादी पंचे सरकारले ऐतिहासिक झापा विद्रोहलाई निर्मम दमन गऱ्यो । नेपालका सबै संशोधनवादीहरु त्यस विद्रोहका विरुद्ध विषवमन गर्नथाले । तर तिनीहरुले पनि झापा-विद्रोहले सिर्जेको क्रान्तिकारी राजनीतिलाई दबाउन सकेनन् । त्यो दिनैपिच्छे फैलदै र समृद्ध हुदै गयो । हिंसात्मक तरिकाले त्यसलाई दमन गर्न नसक्ने देखी पञ्चे प्रतिक्रियावादीहरुले त्यसका विरुद्ध आफैं राजनीतिक आक्रमण चलाउन र संशोधनवादीहरुलाई पनि प्रयोग गर्न थाले । सबैखाले संशोधनवादीहरु र खासगरी स्वघोषित 'माओवादी' हरु पञ्चेहरुको आवश्यकता र इच्छाअनुरुप प्रतिक्रियावादी राजालाई 'राष्ट्रियताको प्रतीक' भन्दै वा संसदीय राजनीतिको आहालमा डुबुल्की लगाउदै उग्रवाद, आतङ्कवाद, व्यक्तिहत्याको विरोधको नाउमा क्रान्तिकारीहरुका विरुद्ध घृणितपाराले जाइलाग्न र आफ्नै खुट्टा किच्ने ढुङ्गो उचाल्न थाले । तर क्रान्तिकारी राजनीति सबै बाधा-विघ्नहरुलाई चिर्दै अघि बढिरह्यो । उतापट्टि देशमा दिनैपिच्छे नाङ्गिदै गएका स्वयं निर्वासित काङ्ग्रेसीहरु रुसी दलाल इन्दिरागान्धीको सहयोग लिएर कुनै पनि उपायले नेपालको सत्ता हत्याउन असफल भए । तर तिनीहरुले देशमा माक्र्सवाद-लेनिनवादी पार्टी बन्ने र गाउबाट साचो जनवादी क्रान्ति विकसित हुने सम्भावनालाई टड्कारै देखे । त्यसैले पञ्चेहरुसग संयुक्त भएर यस सम्भावनालाई नष्ट गर्न, आफ्नो प्रतिक्रियावादी वर्गीय सत्ता जोगाउन र देशलाई भारतको पूर्ण उपनिवेश तथा चीनविरोधी अग्रिम चौकी बनाउन एक पोको षड्यन्त्र बोकी तिनीहरु देशभित्र पसे । यसैमा कतिपय काङ्ग्रेसीहरुले राजासग सम्झौता गर्नथाले । पञ्चे प्रतिक्रियावादीहरु मौकामा किन चुक्थे र ? उनीहरु अहिले विजयउत्सव मनाइरहेका छन् । तर उतापट्टि काङ्ग्रेसीहरुपनि चुपचाप छैनन्, आफ्नो गतिविधिलाई भित्रभित्रै तेज गरिरहेका छन् । अनि जनता पनि देख्दैछन् ः पञ्चे प्रतिक्रियावादीहरु देशलाई निरन्तर विदेशी ऋणमा डुबाइरहेका छन्, साम्राज्यवादीहरु तथा विस्तारवादीहरुका दयामायामा सुम्पिरहेका छन्, राष्ट्रिय स्वार्थलाई विदेशीहरुको हातमा बेचिरहेका छन् र आम जनतालाई शोषण, दमन, भ्रष्टाचार, बेरोजगारी, बसाईं सराई, अशिक्षा, रोग र गरिबीको अध्यारो नर्कमा ठेलिरहेका छन् । यसकारण जनता जाग्दैछन् र पञ्चे प्रतिक्रियावादी सत्ताविरोधी सङ्घर्षमा उत्रदैछन् । उतापट्टि क्रान्तिकारीहरु रायमाझीदेखि लिएर तुलसीलाल, मनमोहन, पुष्पलाल र प्रमुख रुपमा मोहन विक्रमका संशोधनवादलाई भण्डाफोर र पराजित गर्दै आफ्ना गल्ती-कमजोरीहरुलाई हटाउदै, निरन्तर आफ्नो पंक्तिलाई बलियो र व्यापक पार्दै, जनतासित एकजूट हुदै, वर्ग-सङ्घर्ष, सशस्त्र किसान सङ्घर्षको विकास गर्दै

साम्राज्यवाद, विस्तारवाद तथा घरेलु प्रतिक्रिवयावादविरोधी जनताको क्रान्तिकारी जागरण र सङ्घर्षलाई गति प्रदान गर्दैछन् ।

ऐतिहासिक झापा–विद्रोहपछि ०३२ साल जेठमा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को–अर्डिनेशन कमिटी (माक्र्सवादी–लेनिनवादी) को गठन हुनुर त्यसको नेतृत्वमा संशोधनवादका विरुद्ध सङ्घर्ष गर्दै वर्ग–सङ्घर्षमा जुटेर नेपाली क्रान्तिका सिद्धान्त, लाइन र नीतिहरुको निर्माणलाई अघि लानु नेपाली नौलो जनवादी क्रान्तिको विकासका लागि सर्वाधिक महत्वको कुरा हो । एकापट्टि अतिमहाशक्तिहरु र खासगरी रुसी सामाजिक साम्राज्यवादीहरुको विश्व–प्रभुत्वको आकांक्षाले तेस्रो विश्वयुद्धको खतरालाई दिनैपिच्छे बढाइरहेको छ । भारतेली विस्तारवादीहरुले दक्षिण ीसयामा आफ्नो प्रभुत्व स्थापित गर्नको निम्ति आफ्नो राजनीतिक, आर्थिक र सैनिक तयारी बढाइरहेका छन् । नेपाली प्रतिक्रियावादी शासकहरुले राष्ट्रवाद, शान्ति र विकासको नाममा जनतालाई आर्थिक बर्बादी, राजनीतिक अन्धकार र विदेशी गुलामीको बाटोमा लगिरहेका छन् । अर्कोपट्टि अतिमहाशक्तिहरुको प्रभुत्ववाद तथा विश्वयुद्धको विरुद्ध सङ्घर्षद्वारा व्यापकतम अन्तर्राष्ट्रिय संयुक्त मोर्चा सुदृढ भइरहेको छ । भारतको क्षेत्रीय प्रभुत्वको विरुद्ध दक्षिण एसियाका उत्पीडित जनता र राष्ट्रहरुको सङ्घर्ष चर्किरहेको छ । आफ्नै देशमा जनता घरेलु प्रतिक्रियावादको विरुद्ध सङ्घर्ष गर्दै प्रभुत्ववाद र युद्धविरोधी तयारीमा बढिरहेका छन् । यस्तो बेलामा क्रान्तिकारी शैलीद्वारा नेपाली सर्वहारा वर्गको क्रान्तिकारी माक्र्सवादी–लेनिनवादी पार्टीको स्थापना हुनुनेपाली जनता र नेपाली राष्ट्रकै इतिहासमा एउटा अति महत्वपूर्ण घटना हो । नेपाल कम्युनिस्ट पार्टी (माले) को यो स्थापना नेकपाका वर्गआत्म समर्पणवादी, प्रतिक्रान्तिकारी, संसदीय संशोधनवादी राजनीतिक लाइनहरुविरोधी सङ्घर्षमा, नेपाली कम्युनिस्ट आन्दोलनको पहिलो ठूलो दुई लाइनको सङ्घर्षमा क्रान्तिकारी सङ्घर्षशील कम्युनिस्टहरु र माक्र्सवादी–लेनिनवादी राजनीतिक लाइनको महत्वपूर्ण विजय हो । निश्चित छ यस पार्टीले संशोधनवादको विरुद्ध निरन्तर सङ्घर्ष गर्दै दीर्घकालीन जनयुद्धको बाटोमा अघि बढेर एकजुट गर्नसकिने सम्पूर्ण सकारात्मक तत्वहरुलाई क्रान्तिका निम्ति परिचालन गर्नेछ र नेपाली नौलो जनवादी क्रान्तिलाई विजयी बनाउदै समाजवादी र साम्यवादी समाजमा पुग्ने ढोका खोल्नेछ ।

६. नेपाली क्रान्ति

परिचय ः

नेपाली क्रान्ति भनेको क्रमशः नौलो जनवादी र समाजवादी समाज व्यवस्थाहरु ल्याउदै वर्गरहित र राज्यरहित साम्यवादी समाज व्यवस्थाको स्थापना गर्ने र सिङ्गै मानव जातिको प्रगतिको बाटोमा निरन्तर अघि बढिरहने क्रान्ति नै हो । यसका तीनवटा प्रमुख कारण छन्, नौलो जनवाद, समाजवाद र साम्यवाद । यी हरेक चरणभित्र पनि अनेकौं आचरणहरु वा स्तरहरु हुन्छन् । आज नेपाली क्रान्ति नौलो जनवादी क्रान्तिको चरणमा छ ।

आज हामी पुजीवादको स्वतन्त्र विकासको युगमा नभएर साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा छौं । हाम्रो समाज स्वतन्त्र सामन्ती वा पुजीवादी नभएर अर्धउपनिवेशी तथा अर्धसामन्ती छ । साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद र नोकरशाही दलाल पुजीवादसग आम नेपाली जनताका आधारभूत अन्तरविरोधहरु छन् । यस्तो वस्तुस्थितिमा यी अन्तरविरोधहरुलाई समाधान गर्ने हाम्रो क्रान्ति नौलो जनवादी क्रान्ति नै हुन्छ । यस क्राीन्तद्वारा देशव्यापी रुपमा स्वतन्त्र क्रान्तिकारी जनवादी समाज व्यवस्था स्थापित गरेपछि मात्रै हामी समाजवादी क्रान्ति चलाउन सक्छौं । लामो ऐतिहासिक कालभरि समाजवादी क्रान्ति र निर्माणलाई संचालन गरेर मात्र हामी साम्यवादी समाज-व्यवस्था स्थापित गर्न सक्छौं । हाम्रो क्रान्तिको विकास यसरी नै हुन्छ, यो भन्दा अर्को ढङ्गले होइन ।

नौलो जनवादी क्रान्ति भनेको नयाखाले पुजीवादी जनवादी क्रान्ति नै हो । यो सर्वहारा वर्गको नेतृत्वमा मजदुर, किसान, शहरिया गरीब, निम्न पुजीपति वर्ग, मध्यम वा राष्ट्रिय पुजीपति वर्ग तथा अन्य देशभक्त र जनवादी तत्वहरुको साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद तथा नोकरशाही दलाल पुजीवादको विरुद्ध चलाइने जनक्रान्ति वा राष्ट्रिय जनवादी क्रान्ति नै हो । क्रान्ति सर्वहारा समाजवादी क्रान्तिभन्दा गुणात्मक रुपले नै फरक हुन्छ । सर्वहारा समाजवादी क्रान्ति सर्वहारा वर्गले आम जनसमुहरुलाई गोलबन्द गर्दै, पुजीपति वर्गको विरुद्ध चलाउने, सबै व्यक्तिगत पुजीलाई उन्मूलन गर्ने, उत्पादनका सम्पूर्ण साधनहरुलाई समाजीकरण गर्ने, सर्वहारा वर्गको अधिनायकत्व स्थापित गर्ने क्रान्ति हो । तर यो नयाखाले पुजीवादी जनवादी क्रान्तिले राष्ट्रिय पुजीलाई उन्मूलन गर्दैन, उत्पादनका सबै साधनहरुलाई सामाजीकरण गर्दैन र सर्वहारा अधिनायकत्व स्थापित गर्दैन । फेरि यो नयाखाले पुजीवादी जनवादी क्रान्ति पुरानो पुजीवादी क्रान्तिभन्दा पनि गुणात्मक रुपले नै फरक छ । पुरानो पुजीवादी जनवादी क्रान्ति पुजीपति वर्गले सामन्तवादको विरुद्ध चलाउने (पश्चिममा) वा किसानहरु अथवा पुजीपति वर्गले सामन्तवाद, उपनिवेशवाद र साम्राज्यवादको विरुद्ध चलाउने (रुसी अक्टोबर क्रान्तिअघि पूर्वका) क्रान्ति हुन् । यी क्रान्तिहरुले पुजीपति वर्गको एकलौटी अधिनायकतत्व (पूर्व वा पश्चिम दुवै ठाउमा) वा क्रान्तिहरुले (पूर्वमा) स्थापित गर्थे । तर हाम्रो नयाखाले पुजीवादी जनवादी क्रान्तिलाई सर्वहारा वर्गले मात्र नेतृत्व गर्नसक्छ, पुजीपति वर्गले सक्तैसक्तैन । यस क्रान्तिले जनताको जनवादी अधिनायकत्व स्थापित गर्छ, पुजीपति वर्गको एकलौटी अधिनायकत्व वा किसान राज्य स्थापित गर्दैन । यो समाजवादी क्रान्तिको विरोधी हुदैन बरु त्यसकै अभिन्न अङ्ग हुन्छर राष्ट्रव्यापी रुपमा विजयी भएपछि समाजवादतर्फ संक्रमण गर्छ ।

राष्ट्रिय एकीकरणको अभियानदेखि नै हाम्रो राष्ट्रको निर्माण रक्षा र सुदृढीकरण गर्ने राष्ट्रिय सङ्घर्षको सुरुआत भएको थियो । त्यसबेला यो सङ्घर्षका निशाना स्थानीय सामन्ती पृथकतावादर अङ्ग्रजीउपनिवेशवाद थिए, मुख्य शक्ति किसान र कालिगडहरु थिए र नेता सामन्त वर्ग नै थियो । तर भ्रष्ट र पतित हुदै गएको सामन्ती दरबारभित्र सुगौली सन्धिपछि अङ्ग्रज उपनिवेशवादीहरुको घुसपैठ तीव्र रुपमा बढ्न थालेपछि त्यो क्रमशः उपनिवेशवादीहरुको शक्तिको धाक, सम्पत्तिको लोभ र षड्यन्त्रको चङ्गुलमा फस्दै गयो । त्यसले सन् १८४६ (वि.

१९०३) देखि राणाशाहीको नेतृत्वमा उपनिवेशवादीहरुका अघि पूर्णरुपले घुडा टेक्यो । यसरी सामन्त वर्गले नेपाली जनता र राष्ट्रप्रति गद्दारी गऱ्यो । अब हाम्रो राष्ट्रिय सङ्घर्ष अङ्ग्रेजीउपनिवेशवाद र त्यसको दलाल राणाशाहीको विरुद्ध लक्षित हुन पुग्यो । यस कालमा सामन्तवादका विरुद्ध किसानहरुका सङ्घर्ष र विद्रोहहरुको चरित्र राष्ट्रिय र पुजीवादी नै थियो । तर लामो समयसम्म किसानहरु एक्लै परेकाले पुजीपति वर्ग वा सर्वहारा वर्ग राजनीतिक शक्तिको रुपमा उठिनसकेको र अन्य ऐतिहासिक कारणहरुले गर्दा दोस्रो विश्वयुद्ध अघि यो सङ्घर्ष छिटफुट, अप्रत्यक्ष र सुस्त रहेको थियो ।

सन् १९१७ (वि. १९७४) मा भएको रुसको महान् अक्टुवर समाजवादी क्रान्तिले पुजीवादी जनवादी विश्वक्रान्तिको युगलाई समाप्त गऱ्यो र मूर्तरुपमा सर्वहारा समाजवादी विश्वक्रान्तिको थालनी गऱ्यो । त्यसले विश्वभरिकै उपनिवेशी र अर्धउपनिवेशी पछौटे कृषिप्रधान देशहरुका पुजीवादी जनवादी क्रान्तिहरुको निमित्त नया युगको सूत्रपात गऱ्यो । अब तिनीहरुले पुजीपति वर्गको नेतृत्वमा एकलौटी पुजीवादी अधिनायकत्व स्थापना गर्ने पुरानो जनवादी चरित्रलाई त्यागी सर्वहारा वर्गको नेतृत्वमा तमाम क्रान्तिकारी वर्ग र तहहरुको संयुक्त जनवादी अधिनायकत्व स्थापना गर्दै समाजवादी क्रान्तिमा संक्रमण गर्ने नौलो जनवादी चरित्र ग्रहण गर्नुपर्ने भयो । त्यसैकारण अक्टुबर समाजवादी क्रान्तिपछि हाम्रो पुजीवादी जनवादी राष्ट्रिय सङ्घर्षको निम्ति पनि नया युगको थालनी भयो । त्यसले नौलो जनवादी चरित्र ग्रहण नगरेमा त्यसको विजय असम्भव हुनेभयो ।

नेपाली जनतामा अक्टुवर क्रान्तिको प्रभाव नगन्य मात्रामा सुरुदेखि नै पर्दै गएको भए तापनि माक्र्सवाद-लेनिनवादको व्यापक प्रचार-प्रसार दोस्रो विश्वयुद्धपछि मात्रै हुनथाल्यो । नेपालमा औद्योगिक सर्वहारा वर्गको जन्म दुइटा विश्वयुद्धको बीचदेखि नै भएको भए तापनि दोस्रो विश्वयुद्धपछि मात्र त्यो राजनीतिक रङ्गमञ्चमा उत्रन थाल्यो । त्यतिमात्र होइन, दक्षिण एसियाको कुनै पनि देशमा माक्र्सवाद-लेनिनवादलाई आफ्नो क्रान्तिका वास्तविकताहरुमा सिर्जनात्मक रुपले मिलाइएन र त्यहा संशोधनवादीहरुले सुरुदेखि नै त्यसलाई विकृत पार्न थालेका थिए । यी सबै कारणहरुले गर्दा अङ्ग्रेजीउपनिवेशवाद र राणाशाहीबाट मुक्ति चाहने धेरै सङ्घर्षशील नेपालीहरु आर्य-समाजी विचारधारा, गान्धीवादजस्ता सुधारवादी र प्रतिक्रान्तिकारी विचारधारालाई ग्रहण गरी पथभ्रान्त, असफल वा पतित हुनपुगे । हाम्रो पुजीवादी जनवादी क्रान्तिले धेरै लामो समयसम्म अक्टुवर क्रान्तिपछिको नया युगको चरित्रलाई पक्रन सकेन र त्यसो ठोस रुपले सुरु हुनैसकेन।

दोस्रो विश्वयुद्धपछि विश्वमा आएका परिवर्तन र जागृतिले खास गरी महान् चीनिया जनक्रान्तिको गर्जनले हाम्रो देशमा माक्र्सवाद-लेनिनवादको प्रचारलाई तीव्र रुपले प्ररितगऱ्यो । हाम्रो देशका राणाशाहीविरोधी विचारशील धेरै क्रान्तिकारीहरु त्यसप्रति आकर्षित भए । ठाउठाउमा ‘कम्युनिस्ट ग्रुप’ हरु सङ्गठित हुनथाले । राणाशाहीविरोधी सङ्घर्षमा मजदुर वर्गले प्रवेश गऱ्यो र सङ्घर्षको विस्तार गाउ र पहाडसम्म पुग्यो । त्यसबेला राणाशाहीविरोधी सङ्घर्ष नौलो जनवादी क्रान्तिको स्पष्ट चरित्र र सही बाटो ग्रहण गर्ने अवस्थामा पुगेको थियो । तर भारतेली संशोधनवादीहरुमार्फत् अन्तर्राष्ट्रिय संशोधनवादको षड्यन्त्रमा परेर सन् १९४९ (वि. २००६) मा गठन भएको

संशोधनवादी नेकपाले त्यसलाई नौलो जनवादी क्रान्तिको सही सिद्धान्त, लाइन, नीतिहरु र नेतृत्व दिनसकेन । परिणामस्वरुप साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद र नोकरशाही दलाल पुजीवादको हित प्रतिनिधित्व गर्ने नेपाली काङ्ग्रेसको नेतृत्व गुटले त्यसको नेतृत्व कब्जा ग¥यो र त्यसलाई षड्यन्त्रपूर्ण गद्दारीमा टुंग्यायो । त्यसपछि पनि हाम्रो देशमा पुजीवादी जनवादी क्रान्तिको आवश्यकता रत्तिभर घटेको थिएन र त्यो नौलो जनवादी मात्रै हुनसक्यो । तर २००७ सालपछि पनि नेकपाले प्रतिक्रियावादी षड्यन्त्रलाई तथा जनवादी सङ्घर्षको हारका वास्तविक कारणहरुलाई पत्तो लगाएन, न त लगाउन नै सक्थ्यो । त्यसले अझै हाम्रो क्रान्तिका सही सिद्धान्त, लाइन तथा नीतिहरुलाई अघि सारेन, न त सार्न सक्थ्यो । उल्टै त्यो अर्थनीतिक जनसङ्घर्षहरुबाट पनि भाग्दै संसदीय राजनीतिमा झन् डुब्दै गयो र पछि सोभियत संशोधनवादको पक्षमा लागेर तथाकथित 'राष्ट्रिय प्रजातन्त्र ' को प्रतिक्रान्तिकारी सिद्धान्त र कार्यक्रम ग्रहण गर्न पुग्यो ।

पुजीपति वर्गले पनि पुजीवादी जनवादी क्रान्तिको नेतृत्व गर्नसक्छ र सर्वहारा वर्गले संसदको उपयोग गर्दै शान्तिपूर्ण ढङ्गले जनवादी क्रान्तिलाई पूरा गर्दै समाजवादमा शान्तिपूर्ण संक्रमण गर्नसक्छ भन्ने 'राष्ट्रिय प्रजातन्त्र ' का संशोधनवादी तर्कहरुको अन्तर्राष्ट्रिय रुपमा व्यापक खण्डन भयो । त्यसपछि हाम्रो देशका स्वघोषित 'माओवादी ' हरु नौलो जनवादी क्रान्तिको कितावी सिद्धान्त र कार्यक्रम पेश गर्दै, सशस्त्र किसान सङ्घर्ष र दीर्घकालीन जनयुद्धका विचारहरुलाई ओंठे समर्थन गर्दै, नेपाली काङ्ग्रेसमासत्ता प्राप्तिको गुट सङ्घर्षलाई पुरानो पुजीवादी जनवादी क्रान्तिको रुपमा व्याख्या गर्दैछन्, (जबकि चन्द्र शमशेर वा शासनकालदेखि नै नेपालमा त्यस्तो क्रान्ति सम्भव हुने स्थिति छैन) वा अहिले पुरानो जनवादी क्रान्तिमा भाग लिएर त्यसलाई नेतृत्व गर्दै 'नौलो जनवादी क्रान्तिमा बदल्ने ' क्रान्तिविरोधी सिद्धान्त छाट्दैछन् । होस् गर्नोस्, तिनीहरुको अनुहार यही हामी सतर्क नभए पुरानो पुजीवादी जनवादी क्रान्ति हुने खतरा छ रे । यसरी तिनीहरु, नौलो जनवादी क्रान्तिको सिद्धान्तलाई 'राष्ट्रिय प्रजातन्त्र ' कै सिद्धान्तको समकक्षमा झार्दैछन् र नेपाली क्रान्तिको सिद्धान्तलाई अपव्याख्या गर्दैछन् । तिनीहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको गलत मूल्याङ्कन गर्दै अहिले नौलो जनवादी क्रान्ति चलाउने अवधि होइन र 'पुजीवादी जनवादी ' सङ्घर्ष (इशारा संसदीय व्यवस्था प्राप्तिको सङ्घर्षतर्फ छ) भाग लिनुपर्छ भन्दै जनयुद्धविरोधी संसदीय राजनीतिको वकालत गर्दैछन् । तिनीहरु हाम्रो नौलो जनवादी क्रान्तिको गलत वर्गविश्लेषण गर्दै क्रान्तिको मूल समस्या (किसान समस्या) र त्यसलाई समाधान गर्ने सशस्त्र कृषि क्रान्तिलाई बेवास्ता गर्दै जनयुद्धलाई होइन जनसङ्घर्ष र संसदीय राजनीतिलाई मियो बनाउने गलत रणनीति र कार्यनीतिहरु अघि सार्दै गलत लाइन पेश गर्दैछन् । नेपालका सबै स्वघोषित 'माओवादी ' हरुको सिद्धान्त, लाइन र नीतिहरुको सारतत्व यही हो । यिनीहरुलाई नै अस्वीकार र विरोध गर्दै झापाको ऐतिहासिक विद्रोह भएको थियो । विद्रोहले सामयिक धक्का खानु परेपनि त्यसबेलादेखि नै नेपाली क्रान्तिकारीहरु धक्काबाट उठी नेपाली क्रान्तिका सही सिद्धान्त, कार्यक्रम, लाइन र नीतिहरुको निर्माण गर्ने कामलाई अघि बढाउदै छन् र नेपाली क्रान्तिको चरित्रलाई स्पष्ट पार्दै त्यसलाई सही बाटोमा अघि लादैछन् ।

सारांशमा, राष्ट्रिय एकीकरणको सङ्घर्ष नै हाम्रो राष्ट्रिय सङ्घर्षको सुरुआत हो । सुगौली सन्धिपछि हाम्रो समाज ठोस रुपमा अर्धउपनिवेशी र अर्धसामन्ती बन्न थाल्यो । त्यहीदेखि हाम्रो देशमा पुरानो पुजीवादी जनवादी क्रान्तिको युग पनि सुरु भयो । तर त्यस्तो चरित्रका केही छिटपुट सङ्घर्षहरु भए तापनि खास ऐतिहासिक कारणहरुले गर्दा त्यस्तो क्रान्ति सम्पन्न भएन । अक्टुबर क्रान्तिपछि नेपालमा नौलोखाले पुजीवादी जनवादी क्रान्तिको अवधि सुरु भयो । तर साम्राज्यवाद र सामन्तवादविरोधी प्रकृतिका राणाशाही विरोधी सङ्घर्षहरु भए तापनि खास ऐतिहासिक कारणहरुले गर्दा लामो समयसम्म सही रुपमा नौलो जनवादी क्रान्तिको सुरुआत हुन सकेन र तिनीहरु असफल नै भए । नेकपाको गठनपछि जनताले साम्राज्यवाद, विस्तारवाद र सामन्तवादविरोधी चरित्र भएका विभिन्न प्रकारका निकै सङ्घर्षहरु गरेका भए तापनि सही सिद्धान्त, कार्यक्रम, लाइन, नीतिहरुको अभावमा तिनीहरुले नौलो जनवादी क्रान्तिको स्पष्ट चरित्र र सही बाटोलाई समात्न सकेनन् । ऐतिहासिक झापा विद्रोह नै हाम्रो नौलो जनवादी क्रान्तिले स्पष्ट चरित्र र सही बाटो लिएर अघि बढ्ने ऐतिहासिक मोड हो ।

यसरी स्पष्ट हुन्छ, महान् अक्टोवर क्रान्ति पछाडि अरु देशमा झैं हाम्रो  देशमा पनि नौलो जनवादी क्रान्तिको युग सुरु भए तापनि निकै लामो समयसम्म त्यो क्रान्ति सही रुपमा सुरु हुन सकेन । नेकपाको गठनपछि पनि लामो समयसम्म हाम्रो क्रान्तिले स्पष्ट चरित्र र सही बाटो लिन सकेन । झापाको ऐतिहासिक विद्रोहदेखि नै त्यसले स्पष्ट चरित्र र सही बाटो लिन थालेको छ ।

अब हामी नेपाली क्रान्तिका नेतृत्वदायी वर्ग, मुख्य शक्ति, सहायक शक्तिहरु, निशाना, अन्तर्राष्ट्रिय मित्र शक्ति, काम, बाटो तीन प्रमुख हतियार आदिको बारेमा संक्षेपमा चर्चा गरौं ।

क्रान्तिको वर्ग–विश्लेषण

हाम्रो देशको औद्योगिक सर्वहारा वर्गको संख्या सम्पूर्ण जनसंख्याको एक प्रतिशत पनि पुग्दैन । तर पनि यो वर्ग सबभन्दा नया, सङ्गठित तथा अनुशासित, ठूलो मात्राको उत्पादन कार्यमा संलग्न र उत्पादनका साधनबाट विहीन भएकोले सबभन्दा क्रान्तिकारी र लडाकु छ । शहरका रिक्सा र मोटर बाहनका चालकहरु, अरुका गाडा, ठेलागाडा आदि चलाउनेहरु, सफाई मजदुरहरु, भरिया वा कुल्लीहरु, अन्य कामदारहरु र गाउका कृषि मजदुरहरु(हलो, गोठाला, घरेलु नोकर, भरिया, घासे, दाउरे, ज्यालादारी काम गर्नेहरु आदि) पनि सर्वहारा वर्गमै पर्छन् । यीबाहेक अस्थायी रुपले चल्ने विभिन्न निर्माण कार्यमा संलगन हजारौं मजदुरहरु पनि छन् । यी सबैमा क्रान्तिकारी लडाकुपना हुन्छ। यिनीहरुलाइ मिलाएरु सर्वहारा वर्गको संख्या ठूलै बनेको छ र त्यो दिनैपिच्छे बढ्दै छ । औद्योगिक सर्वहारा वर्ग हाम्रो क्रान्तिलाई नेतृत्व गर्ने वर्ग हो र यसले आफ्नो राजनीतिक पार्टी कम्युनिस्ट पार्टीद्वारा यो काम गर्छ ।

हाम्रो देशमा अत्याधिक बहुसंख्या किसानहरुको छ र उनीहरु नै क्रान्तिका मुख्य शक्ति हुन् । किसानहरुमा कृषि मजदूर, गरीब, मध्यम र धनी गरी चार मुख्य वर्गहरु छन् । अघिल्ला तीन वर्गहरुमै बहुसंख्यक किसानहरु पर्छन् र किसान समस्या भनेको मुख्य गरी यिनीहरुकै समस्या हो । यिनीहरुमध्ये पनि कृषि मजदुर र गरीब किसानहरु नै

सबभन्दा दृढ, लडाकु र क्रान्तिकारी हुन्छन्। मध्यम किसानहरुलाई क्रान्तिमा सामेल गर्न र धनी किसानहरुलाई तटस्थ पार्दै, मुट्ठीभरिका सामन्ती जमिन्दारहरुमाथि प्रहार गर्न सर्वहारा वर्गले यिनीहरुमाथि नै भर गर्नुपर्छ। आफ्नो दृष्टिकोणलाई सर्वहारावादी बनाउने दृढ अठोट र किसानहरुबाट सिक्ने र उनीहरुलाई पार्टीको सिद्धान्त, कार्यक्रम, लाइन र नीतिहरुले जागृत गर्ने हार्दिक इच्छा, आट, जागर तथा अठोट लिएर लामो समयसम्म कृषि मजदुर र गरीब किसानहरुसग बसी सही पद्धतिद्वारा 'तीन काम' मा जुटिरहे मात्रै विभिन्न वर्ग र तहहरुबाट आएका क्रान्तिकारीहरु उनीहरुसग एकरुप हुन सक्छन्, उनीहरुका इच्छा र आवश्यकतालाई आत्मसात् गर्न सक्छन्, विभिन्न खाले गैरसर्वहारावादी विचारहरु हटाउन उनीहरुलाई सघाउन सक्छन् र उनीहरुलाई क्रान्तिमा सफलताका साथ गोलबन्द गर्न सक्छन्।

शहरिया गरीबहरु र निम्न पुजीपति वर्ग महत्वपूर्ण क्रान्तिकारी शक्ति हुन्। गाउका गरीब किसानहरुले जस्तो मुस्किलले गुजारा चलाउने शहरका अर्ध-सर्वहाराहरु, कार्यालयका पाले वा पियनहरु, दोकानका निम्न वैतनिक कामदारहरु, आफ्नो साधनद्वारा ज्यालादारी काम गर्नेहरु, साह्रै साना कालिगढहरु, ज्यादै स-साना पेशा (अखबार, खुद्रा सामान, तरकारी, फलफूलहरु आदि बिक्री) गर्ने आदि शहरिया गरीबमा पर्छन्। साना सरकारी कर्मचारी र प्राविधिकहरु, निजी पसल चलाउने कालिगढ र साना व्यापारीहरु, विद्यार्थीहरु, माध्यमिक विद्यालयसम्मका सामान्य शिक्षकहरु, क्याम्पसका सहायक प्राध्यापक (असिस्टेण्ट लेक्चरर) स्तरसम्मका शिक्षकहरु र सामान्य कलाकार तथा पत्रकारहरु शहरिया निम्नपुजीपति वर्गमा पर्छन्। साम्राज्यवादी र घरेलु प्रतिक्रियावादीहरुद्वारा उत्पीडित हुनाले यो वर्गमा निकै क्रान्तिकारिता हुन्छ। तर अर्कोपट्टि सानो पैमानाको उत्पादनमा जुट्ने र यसको बहुसंख्याले निरन्तर तल्लो वर्गमा झर्ने खतराको सामना गरिरहनुपर्ने हुनाले यस वर्गमा अस्थिरता, अधैर्यता र सङ्कीर्णता व्याप्त हुन्छन्। संख्या र चरित्रको दृष्टिकोणले क्रान्तिको निम्ति यो वर्ग निकै महत्वपूर्ण हुन्छ। त्यसकारण सर्वहारा वर्गले यस वर्गलाई विचारधारात्मक रुपले राम्रो नेतृत्व दिंदै क्रान्तिमा संलग्न गराउन गम्भीर ध्यान दिनुपर्छ।

राष्ट्रिय उद्योगपति र व्यापारीहरु, क्याम्पसका उपप्राध्यापक (लेक्चरर) र त्यसदेखि माथिका शिक्षकहरु, मुट्ठीभरका ठूला कार्यालय वा विभागका प्रमुखहरुलाई छोडेर प्रायः सबै मध्यम र उच्चस्तरका सरकारी कर्मचारीहरु, ठूला प्राविधिक, कलाकार तथा पत्रकारहरु माध्यमिक विद्यालयका अधिकांश प्रधानाध्यापकहरु, गाउका सामान्य धनी किसानहरु, मध्यम पुजीपति वर्ग वा राष्ट्रिय पुजीपति वर्गमा पर्छन्। साम्राज्यवाद, विस्तारवाद र घरेलु प्रतिक्रियावादद्वारा यो वर्ग पनि शोषित, पीडित र उपेक्षित छ। त्यसकारण आम रुपमा यस वर्गमा र खासगरी यस वामपन्थी अंशमा साम्राज्यवाद र विस्तारवादविरोधी एउटा पक्ष हुन्छ। त्यसमा राष्ट्रिय र जनवादी विचार वा भावनाहरु हुन्छन्, तर आफूमा रहेको मजदूर-किसानविरोधी पक्ष र आफ्नो कमजोर सामाजिक आधारले गर्दा यो वर्ग क्रान्ति र प्रतिक्रान्तिको बीचमा ज्यादै ढुलमुल रहन्छ। अहिलेको स्थितिमा यो वर्ग मूलरुपमा घरेलु प्रतिक्रियावादसग नै संलग्न भइरहेको भए तापनि क्रान्तिको विकासको दौरानमा यसको बहुसंख्यालाई आफ्नो

पक्षमा बनाउन सकिन्छ र बनाउनैपर्छ । यस्तै दृष्टिकोण राखेर यो वर्गप्रति 'एकता र सङ्घर्ष दुवै' को नीति अपनाउनुपर्छ।

ठूलो जमिन्दार वर्ग, नोकरशाही-दलाल पुजीपति वर्ग, साम्राज्यवाद, सामाजिक साम्राज्यवाद र भारतेली विस्तारवाद, यिनीहरुका राजनीतिक प्रतिनिधि वा दलालहरु, पञ्चायती, काङ्ग्रेसी र अन्य सबैखाले घरेलु प्रतिक्रियावादीहरु (मुट्ठिभरिका नोकरशाहहरु आदि) र यिनीहरुको सेवा गर्ने प्रतिक्रियावादी बुद्धिजीवीहरु कट्टर प्रतिक्रियावादी हुन्छन्। यिनीहरु राष्ट्रिय स्वार्थ तथा जनक्रान्तिको विरुद्ध अनिवार्य रुपमा जाइलाग्छन् । यिनीहरु सबै क्रान्तिका निशाना वा दुश्मन हुन् । घरेलु प्रतिक्रियावादीहरु एउटै ढिकोजस्तो एकगठ हुदैनन् । तिनीहरु बेग्लाबेग्लै साम्राज्यवादीहरुका पछुवा भएर विभिन्न गुटहरुमा बाडिएका हुन्छन्। कुनै ऐतिहासिक अवधिमा कुनै खास ठाउमा हामीले यिनीहरु बीचका विरोध तथा फूटहरुलाई क्रान्तिको पक्षमा प्रयोग गर्ने र प्रहारको निशानालाई साघुरो बनाउन सिपालु हुनुपर्छ।

क्रान्तिका अन्तर्राष्ट्रिय मित्रशक्तिहरु

विश्वका सर्वहारा वर्ग तथा क्रान्तिकारी जनता, समाजवादी देशहरु, तेस्रो विश्वका राष्ट्रिय मुक्ति आन्दोलनहरु र दुई अतिमहाशक्तिहरुका प्रभुत्ववाद तथा युद्धनीतिहरुविरोधी अन्तर्राष्ट्रिय क्राान्तिकारी संयुक्त सङ्घर्ष र दक्षिण एशियाका उत्पीडित जनता तथा राष्ट्रहरुको भारतेली विस्तारवादविरोधी सङ्घर्ष नेपाली जनवादी क्रान्तिका अन्तर्राष्ट्रिय मित्र शक्ति हुन्।

क्रान्तिको काम

साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद र नोकरशाही दलाल पुजीवादको संयुक्त राजतन्त्रात्मक पञ्चायती (अथवा कुनै पनि रुपको) अधिनायकत्वलाई खतम गर्नु र सर्वहारा वर्गको नेतृत्व तथा मजदूर-किसान सहयोगको आधारमा तमाम क्रान्तिकारी वर्ग र समूहहरुको जनवादी अधिनायकत्वलाई राष्ट्रव्यापी रुपमा स्थापित गर्नु नै हाम्रो नौलो जनवादी क्रान्तिको काम हो, रणनीतिक लक्ष हो । जनताको जनवादी अधिनायकत्वले जनतालाई हरेक क्षेत्रमा जनवाद दिन्छ र मुट्ठिभरिका प्रतिक्रियावादीहरुका विरुद्धमात्र अधिनायकत्व लागू गर्छ ।

नौलो जनवादी क्रान्तिको सारतत्व कृषि क्रान्ति हो । त्यसैकारण जनवादी क्रान्तिले गाउले इलाकाहरुमा शस्त्र बलद्वारा ठूला जमिन्दार वर्गको सत्तालाई पल्टाई सर्वहारा वर्गको नेतृत्वमाक्रान्तिकारी किसानहरुको जनसत्ताको स्थापना गर्छ । जमिन्दारहरु र अरु कट्टर दुश्मनहरुको जग्गा, कृषि औजारहरु र अरु सम्पत्तिहरु खोसी भूमिहीन, गरीब र अन्य अभावग्रस्त किसानहरुमा बाड्छ, धनी किसानको अर्थ-व्यवस्थालाई उन्मूलन नगरी उनीहरुलाई पनि क्रान्तिको पक्षमा तान्छ र यसरी क्रान्तिकारी भूमिसुधारद्वारा सम्पूर्ण किसानहरुलाई सङ्गठित हुन र क्रान्ति तथा निर्माणमा जोडतोडले अघि बढ्न पे्ररितगर्छ । यतिमात्रै होइन यसले महिला, बालबच्चा र बुढाबुढीहरुका, भूतपूर्व

सैनिकहरु र प्रवासबाट फर्कनेहरुका हितहरुको रक्षा गर्छ । देशका सबै जातिहरुलाई हरेक क्षेत्रमा समानता प्रदान गर्छ र उनीहरुको स्वशासनको अधिकारलाई संरक्षण गर्छ । नौलो जनवादी क्रान्तिले साम्राज्यवादीहरु र विस्तारवादीहरुले हामीमाथि लादेका तमाम असमान सन्धिहरुलाई रद्द गर्छ, उनीहरुका हस्तक्षेप आक्रमण र विस्तारका नीति वा कामहरुलाई डटेर विरोध वा मुकावला गर्दै राष्ट्रिय सार्वभौमिकता, भू-अखण्डता र स्वतन्त्रताको रक्षा गर्छ । यस क्रान्तिले नोकरशाही-दलाल र विदेशी पुजीपतिहरुका कारबारहरुलाई राष्ट्रियकरण गर्छ तर राष्ट्रिय पुजीपति वर्गलाई एकहदसम्म विकसित हुने स्थिति बनाइदिन्छ । किनकी हाम्रोजस्तो पछौटे मुलुकमा यस्तो पुजीवादी विकास समाजवादी विकासको लागि सहायक हुन्छ। यसरी मात्रै नौलो जनवादी क्रान्तिले आफ्नो अभिभारा पूरा गर्न विशाल जनशक्ति र भौतिक शक्ति प्राप्त गर्न सक्छ ।

नौलो जनवादी क्रान्तिको दौरानमा हामी सर्वहारा वर्गको नेतृत्वमा साम्राज्यवाद, सामाजिक साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद र नोकरशाही-दलाल पुजीवादको विरोध गर्ने, स्वतन्त्र राष्ट्रिय र जनवादी वैज्ञानिक क्रान्तिकारी कला, साहित्य र संस्कृतिलाई हुर्काउदै लान्छौं र क्रान्तिको विजयले समाजमा तिनीहरुलाई नै स्थापित गर्छ र त्यस्तै शिक्षा व्यवस्था अघि ल्याउछ । समाजमा धर्म नमान्ने वा मान्ने दुवैथरिलाईस्वतन्त्रता हुन्छ।

क्रान्तिको बाटो

हाम्रो नौलो जनवादी क्रान्तिलाई ‘शान्तिपूर्ण संक्रमण ’ को संसदीय बाटो लिएर होइन, इलाकाको आधारमा सत्ताकब्जा गर्ने सशस्त्र सङ्घर्षको बाटो लिएर मात्र पूरा गर्न सकिन्छ । यो बाटो किसानहरुलाई जागृत, सङ्गठिडत गर्दै गेरिल्ला युद्ध चलाउने, जनसेना बनाउने, गाउमा आधार क्षेत्रहरु बनाउने, गाउलेहरुले शहरहरुलाई घेर्ने र तिनलाई कब्जा गर्दै राष्ट्रिय विजय पप्त गर्ने दीर्घकालीन जनयुद्धको बाटो हो । लामो समयसम् गाउ नै हाम्रो प्रमुख कार्यक्षेत्र र युद्धभूमि हुन्छ। स्पष्ट छ, सशस्त्र सङ्घर्ष नै हाम्रा सङ्घर्षहरुको मुख्य रुप हो र त्यसको सेवाको निम्ति नै सङ्घर्षका अरु सबै रुपहरुलाई दृढताका साथ उपभोग गर्नुपर्छ। लामो समयसम्म धैर्यता र दृढताका साथ योजनाबद्ध ढङ्गले सबै मोर्चाका क्रान्तिकारी सङ्घर्षमा लागेर राष्ट्रव्यापी विजय प्राप्त गर्ने शक्ति जम्मा गर्नुपर्छ । यस बाटोलाई दृढतापूर्वक समातेर, यस बाटोमा हिड्ने इच्छालाई दृढ पारेर मात्रै यस क्रान्तिका सही सिद्धान्त, कार्यक्रम, लाइन, नीति, रणनीति र कार्यनीतिहरु तयार गर्न सकिन्छ वा तिनीहरुलाई सही ढङ्गले बुझ्न वा लागू गर्न सकिन्छ ।

नौलो जनवादी क्रान्तिको राष्ट्रव्यापी विजय सगसगै समाजवादी, क्रान्तिको काल सुरु भइहाल्छ, त्यसपछि क्रान्तिले समाजवादमा संक्रमण गर्नेछ र सर्वहारा अधिनायकत्व स्थापना गर्नेछ । यस क्रान्तिमा पार्टीको सही नेतृत्व, मजदूर किसानको सहयोगको आधारमा तमाम क्रान्तिकारी वर्ग र तहहरुको दृढ एकता, क्रान्तिकारी भुमि सुधार सगसगै जागृत, सङ्गठित र सामूहिक खेतीतर्फ उन्मुख किसान जनसमुदाय, राज्यले संचालन गरेको सम्पूर्ण जनताको स्वामित्व भएका औद्योगिक र अन्य कारवारहरु, राष्ट्रिय पुजीवादको विकास आदि तत्वहरुले यस संक्रमणलाई

सफलताका साथ टुंग्याउने कुराको ग्यारेन्टी गर्छन् । त्यसपछि समाजवादी क्रान्तिलाई निरन्तर अघि बढाउन सकिन्छ ।

क्रान्तिका तीन हतियार

नौलो जनवादी क्रान्तिलाई सफल पार्नको निम्ति सर्वहारा वर्गलाई तीनवटा हतियारको आवश्यकता पर्छ । पहिलो, माक्र्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधाराका सिद्धान्तमा आधारित र क्रान्तिकारी शैली अनुसार बनेको अनुशासनबद्ध सुदृढ तथा जनआधारित क्रान्तिकारी पार्टी, दोस्रो, यस्तो पार्टीको नेतृत्वमा काम गर्ने जनसेना, तेस्रो, तमाम क्रान्तिकारी वर्ग, तह वा गु्रपहरुकोव्यापक संयुक्त मोर्चा । क्रान्तिमा सर्वहारा वर्गले मुख्य रुपले आफ्नो र आफ्ना देशबन्धुहरुको शक्ति, बुद्धि र अनुभवहरुमाथि नै भरोसा गर्नुपर्छ र त्यसले सहायकको रुपमा अन्तर्राष्ट्रिय सहयोग, समर्थन तथा अनुभवहरुलाई पनि उपयोग गर्नुपर्छ । त्यतिमात्र होइन, यिनीहरुलाई प्राप्त गर्न सक्रिय प्रयत्न गर्नैपर्छ ।

संशोधनवादी नेकपाको विरुद्ध भएको ऐतिहासिक झापा-विद्रोहदेखि नै क्रान्तिकारी माक्र्सवादी-लेनिनवादी पार्टीको निर्माण गर्ने काम ठोसरुपले सुरु भएको हो । विभिन्न रङ्मा देखापरेका नेकपाका दक्षिणपन्थी संशोधनवाद र खासगरी मोहनविक्रम गद्दार गुटको दक्षिणपन्थी संशोधनवादको विरुद्ध सङ्घर्ष गर्दै र आफ्नै पंक्तिभित्र पनि ‘वामपन्थी’ र दक्षिणपन्थी भड्काउ वा लाइनहरुका विरुद्ध सङ्घर्ष गर्दै, आधारभूत वर्गमा राजनीति लाद्यै, वर्गसङ्घर्ष र सशस्त्र सङ्घर्षको विकास गर्दै नेपाली क्रान्तिको सही सिद्धान्त, लाइन, नीतिहरु रणनीति, कार्यनीति तथा ठोस कार्यक्रमलाई क्रमशः निर्माण गरिएको छ वा गरिंदैछ । साम्राज्यवादद्वारा समर्थित घरेलु प्रतिक्रियावादीहरुसग आमजनसमुदायको अन्तरविरोध नै आजको प्रधान अन्तरविरोध हो । यस्तो अवस्थामा हामीसग वस्तुगत स्थितिको सही विश्लेषणमा आधारित घरेलु प्रतिक्रियावादीहरुका विरुद्ध सशस्त्र सङ्घर्ष गर्दै, विस्तारवादीहरुको सशस्त्र हस्तक्षेप वा आक्रमणको विरुद्ध तयारी गर्ने सही राजनीतिक लाइन छ, इलाकाको आधारमा किसान गेरिल्ला युद्ध चलाउदै, जनसेना बनाउने, जनसत्ता स्थापित गर्ने, क्रान्तिकारी आधार क्षेत्रहरु बनाउने र विस्तारवादी सशस्त्र हस्तक्षेप तथा आक्रमणको विरुद्ध तयारी गर्ने सही कार्यनीति छ, कृषिक्रान्तिको ठोस कार्यक्रम छ, सही वर्गनीति र अन्य कामका नीतिहरु छन्, सही माक्र्सवादी कार्यपद्धति, सर्वहारावादी कार्यशैली र भूमिगत ढाचा छन्, माक्र्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारलाई नेपाली क्रान्तिको वास्तविक अवस्थामा मिलाउनसक्ने, विदेशी मुलुकमा अनुभवहरुलाई विश्लेषणात्मक, आलोचनात्मक र सिर्जनात्मक ढङ्गले ग्रहण गर्न सक्ने, नेपाली जनता तथा क्रान्तिका सम्पूर्ण स्वार्थहरुलाई ध्यानमा राख्दै सम्पूर्ण नेपाली क्रान्तिकारीहरुलाई क्रमशः एकताबद्ध पार्नसक्ने बलियो, भरपर्दो र विश्वासप्राप्त नेतृत्व केन्द्रछ र देशका विभिन्न भागमा आधारभूत जनताको बीचमा कार्यरत कम्युनिस्ट सङ्गठनहरु छन् । हामीलाई देश-विदेशका क्रान्तिकारीहरु र जनताको बढ्दो समर्थन प्राप्त छ । यी कुराहरु हामीले एउटा क्रान्तिकारी माक्र्सवादी-लेनिनवादी पार्टी बनाउदै नेपाली क्रान्तिमा अघि बढ्न सक्ने कुराका भरपर्दा आधार हुन्।

हाम्रो क्रान्तिकारी राजनीतिक लाइन, सही कार्यनीति र ठोस कार्यक्रमलाई लागू गर्ने दौरानमा सशस्त्र सङ्घर्षको सवाललाई ठोस रुपमा समाउदै जमिन्दार-दलाल खतमको नीतिलाई र प्रतिक्रियावादी सशस्त्र शक्तिमाथि हमला गर्दै किसान गेरिल्ला युद्धको विकास गर्ने कुरालाई सही ढङ्गले र दृढतापूर्वक लागू गर्दै, सशस्त्र सङ्घर्षको सम्बन्धमा विशेष नीतिहरु बनाउदै, आफ्नै अनुभवहरु सिर्जना गर्दै र विदेशी मुलुकहरुबाट पनि नम्रतापूर्वक सिक्दै हामी नेपाली जनमुक्ति सेनाको निर्माण गर्नेछौं । यो जनसेना क्रान्तिकारी माले पार्टीको एकछत्र नेतृत्वमा चल्ने सर्वहारावादी सेना हुनेछ । यसले अध्यक्ष माओ त्सेतुङद्वारा अघि सारिएका दीर्घकालीन जनयुद्धको रणनीति र कार्यनीतिलाई सिर्जनात्मक रुपले अपनाउनेछ र नेपाली जनताको क्रान्ति, मुक्ति र समृद्धिमा आफूलाई पूर्णरुपले समर्पित गर्नेछ ।

हामीले हाम्रो पार्टीका लाइन तथा नीतिहरुलाई लागू गर्दा सही माक्र्सवादी कार्यपद्धतिको प्रयोग गर्नुपर्छ । खासगरी गाउले इलाकामा वर्गसङ्घर्ष, सशस्त्र किसान सङ्घर्षको विकास गर्नको निम्ति एउटा खास इलाकामा काम केन्द्रित गर्दै, एउटा सङ्गठन बनाउदै, स्थानीय वर्ग-अगुवा (न्यूक्लियस) को नेतृत्वमा त्यसि सङ्गठनद्वारा एक-एकवटा गरी सङ्घर्षको विकास गर्दै सङ्गठनहरु फैलाउदै अघि बढ्ने कार्यपद्धति अपनाउनुपर्छ ।

हाम्रो संयुक्त मोर्चा सर्वहारा वर्गको नेतृत्वमा चल्ने र मजदूर किसानहरुको सहयोगमा आधारित सबै क्रान्तिकारी वर्ग, तह र समूहहरुको संयुक्त मोर्चा हो । सही राजनीतिक लाइन, कार्यक्रम र क्रान्तिकारी वर्गसङ्घर्ष, सशस्त्र सङ्घर्षको विकासको आधारमा मात्र यसको निर्माण र विकास सम्भव हुन्छ । संयुक्त मोर्चाको सवाललाई गम्भीरतापूर्वक नसमाउने विचार र क्रान्तिकारी वर्गसङ्घर्ष, सशस्त्र सङ्घर्षद्वारा मजदूर-किसान सहयोग स्थापित गर्दै एकजुट गर्न सकिने अन्य वर्ग वा तहहरुलाई एकजुट पार्ने विचारलाई दह्रो गरी नसमातीवा दृढतापूर्वक लागू नगरी माथिल्ला वर्ग वा तहहरुको व्यापक संयुक्त मोर्चा बनाउन खोज्ने विचार र संयुक्त मोर्चामा सर्वहारा वर्गको नेतृत्वदायी भूमिकालाई छोड्ने विचार हानिकारक संशोधनवादी विचार हुन् । संयुक्त मोर्चाभित्र पनि हामीले 'एकता सङ्घर्ष दुवै ' को नीति अपनाउनुपर्छ । हाम्रो क्रान्तिका शत्रुहरु भौतिक शक्तिमा अस्थायी रुपले हामीभन्दा बलिया छन् । यसैकारण हाम्रो क्रान्ति लामो, जटिल, कठिन र घुमाउरो हुन्छ । त्यसैकारण हामीले देशका सम्पूर्ण सहयोगी शक्तिहरुलाई सही ढङ्गले गोलबन्द गर्ने कुरालाई गम्भीरतापूर्वक समाउनुपर्छ । यो देशभित्रको संयुक्तमोर्चा भयो ।

भारतेली विस्तारवादको विरुद्ध नजुझी र त्यसको सशस्त्र हस्तक्षेप वा आक्रमणको मुकाबिला नगरी हाम्रो क्रान्ति विजयी हुनसक्तैन । भारतले तीनतिरबाट हाम्रो देशलाई घेरेको हुनालेहाम्रोनिम्ति यो काम जति अनिवार्य बनेको छ, त्यतिकै जटिल, कठिन र दीर्घकालीन पनि छ । यसैकारण हामीले आफ्नो देशमा क्रान्तिकारी शक्तिको निर्माण गर्नका साथसाथै भारतेली विस्तारवादको विरुद्ध दक्षिण एसियाका उत्पीडित जनता तथा राष्ट्रहरुको संयुक्त मोर्चा बनाउने कुरालाई पनि अहिलेदेखि नै गम्भीरतापूर्वक ध्यान दिनुपर्छ । यस काममा हामीले अङ्ग्रेजी उपनिवेशवादीहरुको विरुद्ध दक्षिण एशियाली राष्ट्रहरुको संयुक्त मोर्चा बनाउने हाम्रा वीर पुर्खाहरुका गौरवपूर्ण प्रयत्नहरुबाट प्रेरणालिनुपर्छ । यस संयुक्त मोर्चामा दक्षिण एसियाली देशका समान र स्वतन्त्र बन्धु क्रान्तिकारी माक्र्सवादी-लेनिनवादी पार्टीहरुको पारस्परिक समझदारी, समर्थन र सहयोग नै आधारभूत कुरा हुन् । त्यसकारण

हामीले आफ्नो शक्तिले भ्याएसम्म दक्षिण एसियाका हरेक देशका माक्र्सवादी-लेनिनवादी क्रान्तिकारीहरुको आपसमा एकता गर्ने तथा आफ्नो देशमा एकीकृत पार्टी निर्माण गर्ने प्रयत्न र आफ्नो देशको क्रान्तिमा स्वतन्त्रतापूर्वक अघि बढ्ने भावनालाई दह्रो समर्थन र सहयोग गर्नुपर्छ ।

हाम्रो क्रान्ति र दक्षिण एसियाको भारतेली विस्तारवादविरोधी संयुक्त सङ्घर्ष, दुई अतिमहाशक्तिको प्रभुत्ववाद र तेस्रो विश्वयुद्धको खतराविरोधी अन्तर्राष्ट्रिय सङ्घर्षसग घनिष्ट रुपले जोडिने कुरा हुन् । भारतमा बढिरहेको रुसी प्रभुत्वको खतराले त यिनीहरुको आपसी सम्बन्धलाई झन् घनिष्ट बनाएको छ । हामीले विश्वको र्विहारा वर्ग, उत्पीडित जनता तथा राष्ट्रहरु र तेस्रो विश्वका देशहरुको अतिमहाशक्ति-प्रभुत्ववाद र विश्वयुद्धको खतराविरोधी महान् अन्तर्राष्ट्रिय क्रान्तिकारी सङ्घर्षलाई समर्थन गर्नुपर्छ । क. ह्वाक्वो फङ्ले नेतृत्व गरिरहनुभएका महान् समाजवादी चीन यस महान् अन्तर्राष्ट्रिय क्रान्तिकारी सङ्घर्षलाई हुर्काउने-बढाउने काममा अतिशय ठूलो योगदान गरिरहेछ । हामीले क्रान्तिकारी सङ्घर्षको दौरानमा देशभित्रको संयुक्त मोर्चा र दक्षिण एसियाको संयुक्त मोर्चालाई बलियो बनाउदै अतिमहाशक्तिहरुविरोधी अन्तर्राष्ट्रिय संयुक्त मोर्चाप्रति सक्दो योगदान गर्नुपर्छ ।

वस्तुगत वास्तविकताहरुमा आधारित क्रान्ति

क्रान्तिका वास्तविकताहरुमा आएका परिवर्तनअनुरुप हामी आफ्नो कार्यनीति, ठोस कार्यक्रम, राजनीतिक लाइन, नीतिहरु आदिलाई परिवर्तन गर्न सक्छौं । तर हरेक अवस्थामा हामीले सर्वहारा वर्गको स्वतन्त्र पहलकदमीपूर्ण नेतृत्वतथा जनताका आधारभूत स्वार्थहरुलाई दृढतापूर्वक रक्षा गर्नैपर्छ । हामीले सिद्धान्त र कार्यदिशामा दृढ हुनैपर्छ र तिनीहरुलाई लचिलो ढङ्गले लागू गर्न सिपालु हुनुपर्छ। आजको अवस्थाअनुरुप हाम्रो पार्टीले सही कार्यनीति र राजनीतिक लाइन पेस गरेको छ । हामीले तिनीहरुलाई दृढता र सचेतनापूर्वक व्यवहारमा लगाउनुपर्छ र यथाशक्य चाडै समृद्धर विस्तृतरुपमा हाम्रो ठोस कार्यक्रम तयार गर्नुपर्छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति

वर्तमान विश्व अझै साम्राज्यवाद र सर्वहारा क्रान्ति कै युगमा छ र त्यसमा महान् उथलपुथल जारी छ । शान्तिप्राप्त गर्ने विश्व जनताको इच्छा भएर पनि त्यो प्राप्त हुनसकेको छैन । विश्वमा साम्राज्यवाद वा सामाजिक साम्राज्यवाद अस्तित्वमा रहुञ्जेलशान्तिप्राप्त हुदैन । या त तिनीहरुकै बीचमा युद्ध हुनेछ या तिनीहरुले आक्रमणकारी युद्ध थोपर्ने छन् र जे भएपनि जनताले त अवश्य क्रान्तिकारी युद्ध चलाउछन् । लेनिनले बताउनुभएको छ, ‘प्रभुत्वको निमिम्त सङ्घर्षरत कैयौं ठूला शक्तिहरुका बीचमा प्रतिस्पर्धा रहनु साम्राज्यवादको अनिवार्य स्वरुप हो ।’ आज दुई अतिमहाशक्ति रुप र अमेरिका विश्व-प्रभुत्वको निम्ति आपसमा तीब्र प्रतिस्पर्धामा फसेका छन् । यिनीहरुको प्रतिस्पर्धाको केन्द्र यूरोप भए तापनि त्यो विश्वभरि फैलिएको छ । १९७६ को सुरुमै अध्यक्ष माओले भन्नुभएको थियो, ‘संयुक्त राज्य संसारमा आफ्ना प्रभुत्वलाई जोगाउन चाहन्छ र सोभियत सङ्घचाहि फैलाउन चाहन्छ, यो कुनै पनि तरहले बदलिन सक्तैन । वर्गहरु भएको युगमा युद्ध भनेको एउटा शान्ति र अर्को शान्तिबीचको मध्यान्तर हो ।

युद्ध राजनीतिकै जारी रुप हो, अर्थात् शान्तिकै जारी रुप हो । शान्ति आफैं राजनीति हो । ' आपसी प्रतिस्पर्धामा रुसी सामाजिक साम्राज्यवाद आक्रमणात्मक स्थितिमा छ भने अमेरिकाली साम्राज्यवाद रक्षात्मक स्थितिमा छ । रुसी सामाजिक साम्राज्यवाद हात लगाइसकेको क्षेत्रमा आफू दह्रो हु न र नया नया प्रभाव क्षेत्रहरु हात लगाउन आक्रमणात्मक ढङ्गले नीचभन्दा नीच चाल चलिरहेको छ भने अमेरिकाली साम्राज्यवाद हात लागिसकेका क्षेत्रहरुलाई बचाइरहन ज्यानशक्ति प्रयत्न गर्दैछ । विश्व प्रभुत्व प्राप्तिको लागि नै तिनीहरु एउटा नया विश्वयुद्ध चलाउने जोडतोडको तयारीमा जुटेका छन्, शान्ति र निरन्त्रीकरणको ढोल पिट्दै जहीतही तनाऊ सिर्जना र सशस्त्र विस्तार गर्न जुटेका छन् । स्वभावतः दुई महाशक्तिहरुको बीचमा कुनै न कुनै दिन युद्ध विस्फोट हु नेछर संसारमा एउटा नया विश्वयुद्धको आगो दन्कनेछ । वर्तमान विश्वमा विद्यमान तथ्यहरुले के पुष्टि गर्छन् भने 'समाजवाद ' , 'राष्ट्रिय मुक्तिलाई समर्थन ' र ' शान्ति, मित्रता र सहयोगको झन्डा ' हल्लाउदै अफ्रिका, मध्यपूर्व, दक्षिण र दक्षिणपूर्व एसियाभरि नै आक्रमण र प्रभुत्व विस्तार गर्दै हिडेको रुसी सामाजिक साम्राज्यवाद नै युद्धको सबभन्दा खतर्नाक क्षेत्र हो ।

युद्धको खतरा गम्भीर रुपले बढिरहेको भए तापनि त्यो सम्पूर्ण विश्व-परिस्थितिको एउटा पक्ष मात्र हो । अर्को पक्ष र विश्व परिस्थितिको प्रमुख पक्षचाहि होः 'देशहरु स्वतन्त्रता चाहन्छन् राष्ट्र मुक्ति चाहन्छन् र जनता क्रान्ति चाहन्छन् । ' कुनै पनि शक्तिले यस पक्षलाई दबाउन सक्तैन । विगत केही वर्षयता अन्तर्राष्ट्रिय सर्वहारा वर्गका क्रान्तिकारी सङ्घर्षहरु, उत्पीडित जनता र राष्ट्रहरुका मुक्तिसङ्घर्षहरु र धेरै देशहरुले उपनिवेशवादका हत्कडीहरु फ्याकेका छन्, विदेशी आक्रमणकारीहरुलाई भगाएका छन् र स्वतन्त्रता र मुक्ति पाएका छन् । तेस्रो विश्वको असंलग्न आन्दोलन र राष्ट्रिय स्वतन्त्रता, प्रभुसत्ता तथा स्वाधिन अर्थतन्त्रलाई प्राप्त गर्ने वा रक्षा गर्ने आन्दोलन आदि निरन्तर अघि बढिरहेका छन् । कठिनाई र सङ्कटहरुमा फसिरहेका दुई महाशक्तिलाई आच्छु-आच्छु परिरहेको छ । यसको पनि रुसी सामाजिक साम्राज्यवादलाई ज्यादा विरोधको सामना गर्नुपरेको छ । त्यसैले मध्यपूर्व, अङ्गोला, जायरे, अफ्रिकाको सिङ क्षेत्र, लाल सागर क्षेत्र, दक्षिण र दक्षिण पूर्व एशियामा गरेका विश्वासघात, हस्तक्षेप, तोडफोड र आक्रमणले त्यसलाई विश्व जनताको अघि झन्झन् नाङ्गो पारेका छन् विश्वभरिका माक्र्सवादी-लेनिनवादीहरु विश्व सर्वहारा वर्ग तथा क्रान्तिकारी जनता, तेस्रो विश्वका उत्पीडित जनता तथा राष्ट्रहरु दुई अति महाशक्तिहरुको प्रभुत्ववाद, युद्धवाद र युद्धनीतिहरुका विरुद्ध दृढ सङ्घर्ष चलाउदैछन् । रुसप्रतिको तुष्टीकरण र चीनलाई एक्ल्याउने नीतिहरुका विरुद्ध जुध्दै दोस्रो विश्वका देशहरु पनि यसमा केही योगदान दिंदैछन् र यस सङ्घर्षको अन्तर्राष्ट्रिय संयुक्तमोर्चा सुदृढ बन्दैछ । यो अन्तर्राष्ट्रिय क्रान्तिकारी सङ्घर्ष र मोर्चामा क. ह्वाक्वो फुङले अगुवाई गर्नुभएको महान् समाजवादी जनगणतन्त्र चीनले अतिशय ठूलो योगदान गरिरहेछ ।

यष्ही सन्दर्भमा हामीले एसियाको परिस्थितिलाई ध्यानमा राख्नु आवश्यक छ । सुदूरपूर्वदेखि लिएर दक्षिणपूर्व एसिया, दक्षिण एसिया हु दै पश्चिम एसियासम्म नै रुसी सामाजिक साम्राज्यवादको कालो छाया घुमिरहेको छ ।

त्यसले जापानका चारवटा द्वीपहरुलाई आफ्नो कब्जामा राखिरहेकै छ । क्षेत्रीय प्रभुत्ववादी भियतनामलाई ‘पूर्वको क्यूवा’ बनाएर चीन र कम्पुचियाको विरुद्धमा लडाइरहेको छ, भारतमा दिनैपिच्छे आफ्नो शोषण, उत्पीडन र प्रभावलाई बढाउछ, अफगानिस्तान र दक्षिण यमनमा आफ्ना कठपुतली सर्कार स्थापना गरिसकेको छ, ईरानमा गडबडी मच्चाइरहेको छ र यी क्षेत्रका बाकी देशहरुमा नीच भन्दा नीच उपायहरु प्रयोग गर्दै आफ्नो प्रभाव तथा दलालहरुलाई बढाउदैछ । त्यसले यी सब काम ‘एसियाका सुरक्षा’ वा ‘मित्रता र सहयोग’ को नाममा नै गरिरहेछ । रुसी सामामाजिक साम्राज्यवादका यी सबै कामहरु अमेरिकाली साम्राज्यवादलाई हटाएर यी क्षेत्रहरुमा आफ्नो प्रभुत्व स्थापना गर्ने, यूरोपलाई कब्जा गर्ने आफ्नो राजनीतिलाई सघाउ पु¥याउन र महान् समाजवादी चीनलाई घेरामा पार्नको निम्ति नै हुन्। यो कुरा एसियाका सम्पूर्ण उत्पीडित जनता तथा राष्ट्रहरुका निम्ति र विश्व-शान्तिकै निम्ति गम्भीर खतराको विषय हो ।

हामीले दक्षिण एसियामा, खासगरी भारतवर्षमा रुसको बढ्दो घुसपैठ र यहा अमेरिकासग उसको लुछाचुडीमा अमेरिकाली साम्राज्यवाद पछि पर्ने छैन । यिनीहरुको प्रतिस्पर्धाले यहा क्षेत्रीय युद्धका तत्वहरुलाई बढाइरहेको छ । त्यतिमात्रै होइन, रुसले भारतमा आफ्नो प्रभुत्व स्थापना गर्न सक्ने धेरै सम्भावना छ । रुसले भारतेली विस्तारवादीहरुको क्षेत्रीय प्रभसत्वको आकांक्षालाई उक्साउने र समर्थन गर्ने काम गर्नेछ । किनभने त्यसले यसरी नै भारत र दक्षिण एसियालाई आफ्नो प्रभुत्वमुनि ल्याउने सपना देखेको छ । यस्तो स्थितिले दक्षिण एसियाका सम्पूर्ण जनता र राष्ट्रहरुकै निम्ति र हाम्रो निम्ति क्षेत्रीय युद्धको खतरा ल्याउनेछ ।

आज सम्पूर्ण एसियाली जनता तथा राष्ट्रहरु जागृतभएका छन् । उनीहरु अति महाशक्तिहरु, क्षेत्रीय प्रभुत्ववादीहरु र प्रतिक्रियावादीहरुका विरुद्ध दृढ सङ्घर्षमा लागेका छन् । समाजवादी चीन, कोरिया, कम्पुचिया यस सङ्घर्षको अघिल्लो पंक्तिमा छन् । विभिन्न देशका माक्र्सवादी-लेनिनवादी क्रान्तिकारी पार्टीहरु स्वतन्त्र र आत्मनिर्भरताका साथ वीरतापूर्वक सशस्त्र सङ्घर्ष चलाउदैछन्, क्रान्तिकारी शक्तिलाई बढाउदैछन् । हस्तक्षेप तथा आक्रमणका शिकार भएका राष्ट्रहरु प्रतिरोध सङ्घर्ष चलाइरहेका छन् । जापान तथा चीनको बीचमा शान्ति तथा मैत्री सन्धि हुनुर चीन तथा अमेरिकाको बीचका कुटनैतिक सम्बन्ध स्थापित हुनु वर्तमान समयका महत्वपूर्ण घटना हुन्। यिनीहरु एसियाली जनताको रुसी प्रभुत्ववादविरोधी सङ्घर्ष र विश्व शान्तिकै निम्ति महत्वपूर्ण सहयोगी बनेका छन् । पाच सदस्य राष्ट्रहरु भएको ‘दक्षिण-पूर्वी एसियाली राष्ट्रहरुको सङ्घ’ (आसियान) ले रुसी प्रभुत्ववादविरोधी सङ्घर्षमा थोरै भएपनि सकारात्मक योगदान गर्दैछ र पश्चिमी प्रभावका अरु देशहरु पनि यसमा त्यस्तै भूमिका पूरा गर्दछन् ।

हरेक देशको क्रान्तिलाई अघि लाने काम त्यसै देशका माक्र्सवाद-लेनिनवादीहरु र क्रान्तिकारी जनताको हो । उनीहरु स्वतन्त्रतापूर्वक यो काम गर्छन् र गरिरहेका छन् । अध्यक्ष माओद्वारा प्रतिपादित तीन विश्वको सिद्धान्तको कार्यदिशाले उनीहरुलाई वर्गसङ्घर्ष र क्रान्तिकारी सङ्घर्षबाट अलग होऊ भन्दैन । उल्टै यसले वर्तमान गम्भीर अन्तर्राष्ट्रिय वा क्षेत्रीय परिस्थितिलाई बुझ्दै तिनीहरुअनुरुप आफ्ना लाइन-नीतिहरुलाई तिखार्दै आफ्नो देशका

वर्गसङ्घर्षहरु र क्रान्तिकारी सङ्घर्षलाई तीव्रताका साथ लैजाऊ भन्छ । आज सबै देशका सच्चा माक्र्सवाद-लेनिनवादी क्रान्तिकारीहरु यस्तै गर्ने प्रयत्न गरिरहेछन् ।

यी सबै तथ्यहरुले के प्रष्ट पार्छन् भने समग्र रुपमा भन्दाखेरि क. ह्वाक्वो फिङ्को शब्दमा 'आजको अन्तर्राष्ट्रिय परिस्थिति धैरै राम्रो छ । राम्रो मात्र वा निकै राम्रो मात्र होइन अति नै राम्रो छ ।' अध्यक्ष माओले शिक्षा दिनु भएझैं, यसद्ध वा क्षेत्रीय युद्धको सम्बन्धमा 'पहिलो हामी यसका विरुद्धमा छौं, दोस्रो हामी यसबाट डराउदैनौं ।' उहाले जनवरी १९६३ मा बताउनुभएको थियो, संयुक्त राज्य कागजको बाघ हो, यसमा विश्वास नगर । एकचोटी घोंच्ने हो भने यसको हावा फुस्किहाल्छ । संशोधनवादी सोभियत सङ्घ पनि कागजकै बाघ हो ।' यसरी नै सबै क्षेत्रीय प्रभुत्ववादीहरु भारतेली विस्तारवादीहरु पनि कागजकै बाघ हुन्।

हामीले यी निचोडहरुलाई हृदयङ्गम गर्नुपर्छ, जनताको सतर्कता र एकतालाई बढाउनुपर्छ र क्रान्तिकारी लाइनअनुसार सङ्घर्ष चलाउदै विश्वयुद्ध वा क्षेत्रीय युद्धविरोधी युद्धलाई पद्धि सार्ने वा रोक्ने प्रयत्नहरुलाई सघाउन सक्छौं अथवा कुनैखाले पनि युद्ध छेडिइहालेको खण्डमा प्रतिरोध गर्ने आफ्नो अनुकूल स्थिति बनाइरहन सक्छौं । हामी क्रान्तिकारी आशावादी हौं र हामीलाई हाम्रो देश, क्षेत्र वा विश्वको भविष्यप्रति पूर्ण विश्वास छ ।

आज अति महाशक्तिहरु, साम्राज्यवादीहरु र विस्तारवादीहरु नेपाली जनताको क्रान्तिकारी जागरण र सङ्घर्षलाई पथभ्रष्ट पार्न र दबाउनको निम्ति घरेलु प्रतिक्रियावादीहरुलाई विविध रुपमा जोडतोडले सघाइरहेका छन् । तिनीहरु हाम्रो देशमा तथाकथित आर्थिक सहयोगद्वारा क्रान्तिलाई रोक्ने प्रयत्न गरिरहेका छन् । तिनीहरुले यहा आफ्नो राजनीतिक आर्थिक र सांस्कृतिक आक्रमणलाई बढाइरहेका छन् । तिनीहरु यस आक्रमणलाई मानवतावादी सहयोगको रंच चढाउदै आफूलाई नेपाली जनताको मित्र र मुक्तिदाताको रुपमा देखाउदैछन् । तर तिनीहरु यस आक्रमणले नेपाली समाजमा ठूलो प्रतिक्रिया उत्पन्न गरेको छ । यसले भ्रष्टाचार, गरिबी, बेरोजगारी, शोषण र जनताको अपमानलाई बढाएरु जनतटामा तीव्र असन्तोष र विरोध जन्माएको छ र नकारात्मक कुराहरुद्वारा उनीहरुलाई जागृ तर एकगठ हुनसघाएको छ ।

आज घरेलु प्रतिक्रियावादीहरु एकापट्टि राष्ट्रवाद, विकास र शान्ति वा प्रजातन्त्र र शिथिलीकरणका नाममा जनताको क्रान्तिकारी जागरण र सङ्घर्षलाई पथभ्रष्ट पार्ने वा दबाउने अभियान चलाइरहेछन् भने अर्कोपट्टि तिनीहरुका आपसी अन्तर्विरोधहरुलाई हटाई क्रान्तिको विरुद्ध एकजुट हुने ज्यानसक्तो प्रयत्न पनि गर्दैछन् तर तिनीहरुका यी सबै कामहरु असफल भै भइछाड्नेछन् । एकापट्टि हामीहरु त झुक्किने छौं न दबिने नै । हामीले विरोधहरु वा चालबाजीहरुबाट उत्पन्न सबै साना-ठूला छिद्र वा मौकाहरुलाई आत्मविश्वास र दृढताका साथ क्रान्तिकारी पंक्तिलाई बलियो पार्न, जनतालाई जगाउन र क्रान्तिकारी सङ्घर्षलाई विकास गर्न प्रयोग गर्नेछौं । अर्कोपट्टि जनता तिमीहरुका झुट्टा आश्वासन र नक्कली चेहरालाई आफ्नै व्यवहारद्वारा चिन्दै लानेछन् र ठूलो संख्यामा क्रान्तिकारी सङ्घर्षमा उत्रनेछन् ।

## ८. उपसंहार

हामीले नेपाली समाज र क्रान्तिको विकासलाई ऐतिहासिक भौतिकवादी दृष्टिकोणले हेर्नुपर्छ । हामीले समाजको प्रगतिमा साम्राज्यवाद, विस्तारवाद र घरेलु प्रतिक्रियावादले उत्पन्न गरेका बाधा-विरोधहरुलाई देख्नुपर्छ, प्रगतिको निम्ति क्रान्तिकारी जनताले तिनीहरुलाई भत्काउनैपर्ने आवश्यकतालाई बुझ्नुपर्छ, यसै कामको निम्ति जनताले क्रान्ति गर्ने र क्रान्तिमा विजयी हुने सच्चाईलाई दह्रोगरी समाउनुपर्छ । हाम्रा क्रान्तिकारी आशावाद, लगनशीलता, आत्मविश्वास, हिम्मत र आत्महत्यागका आधार यिनै हुन्।

सम्पूर्ण नेपाली क्रान्तिकारीहरु ! नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी) को स्थापना संशोधनवाद, घरेलु प्रतिक्रियावाद र विदेशी शत्रुहरुविरुद्ध जुध्दै नेपाली क्रान्तिलाई अघि बढाउन र विजयी बनाउनको निम्ति नै गरिएको हो । यस पार्टीले नेपाली जनता, क्रान्तिकारीहरु र वीर अमर शहीदहरुको गौरवपूर्ण क्रान्तिकारी परम्परालाई बुलन्दीका साथ अघि बढाउनेछ । त्यसकारण नेकपा (माले) को नेतृत्व मुनि एकगठ होऔं । सम्पूर्ण नेपाली जनतालाई यसको रातो झन्डामुनि गोलबन्द गरौं । दृढता र आत्मत्यागका साथ सशस्त्र सङ्घर्षको बाटोमा लागौं । दीर्घकालीन जनयुद्ध चलाउदै साम्राज्यवादी विस्तारवादी र घरेलु प्रतिक्रियावादीहरुलाई पराजित गर्ने र सुन्दर, जनवादी जनगणतन्त्र नेपालको स्थापना गर्ने काममा हात लगाऔं ।

माक्र्सवाद-लेनिनवाद-माओ त्सेतुङविचारधारा – जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी-लेनिनवादी) जिन्दावाद !

नेपाली नौलो जनवादी कृषिक्रान्ति- जिन्दावाद ! जिन्दावाद !!